# व्यवस्थापिका-संसद,
# महिला, बालबालिका र समाज कल्याण समिति अन्तर्गत
# जातीय भेदभाव, छुवाछुत समस्या र समाधानका उपाय
# अध्ययन गर्न गठित उप-समितिको प्रतिवेदन-२०६९

व्यवस्थापिका-संसद
महिला, वालवालिका र समाज कल्याण समिति
सिंहदरवार, काठमाण्डौ

**व्यवस्थापिका-संसद,**
**महिला, बालबालिका र समाज कल्याण समिति अन्तर्गत जातीय भेदभाव, छुवाछुत समस्या र समाधानका उपाय अध्ययन गर्न गठित उप-समितिको प्रतिवेदन, २०६९**

**संयोजक**

मा. विनोद पहाडी

**सदस्यहरूः**

मा. अमिलाल झागड
मा. आशाकुमारी सरदार
मा. गोविन्द नेपाली
मा. मालामती देवी राना
मा. लीलाकुमारी बगाले (सोमई)
मा. लीला सुब्बा
मा. विमला नेपाली
मा. शिला कतिला
मा. सुकदैया चौधरी
मा. हिमकुमारी सुनार

# भूमिका

नेपाली समाज तहगत संचरनामा निर्माण भएको छ । यो तहगत संरचनाभित्र जातीय विभेद र छुवाछुत जस्तो अमानवीय व्यवहार विद्यमान रहेको छ । कुल जनसंख्याको २० प्रतिसत भन्दा वढी समुदाय आजको २१ औं शताव्दीसम्म आई पुग्दा पनि दलित र अछुत भएर बाँच्न वाध्य पारिएका छन् ।

राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक एवं शैक्षिक रूपमा पछाडि पारिएका दलित समुदायको नीति निर्माण तहमा सहभागिता न्यून रहेको छ । २००७ सालदेखि अहिलेसम्मका राजनीतिक परिवर्तनहरूले दलितहरूको उत्पीडिनमा थोरै कमी आए पनि सोचे जतिको हक अधिकार स्थापित हुन सकेको छैन । विभिन्न समयमा भएका राजनीतिक तथा सामाजिक आनदोलनहरूले दलित अधिकारका लागि दवाव सिर्जना भईरहेको छ ।

गणतन्त्र स्थापना भएपछिको सरकारले व्यवस्थापिका संसदवाट "जातीय विभेद तथा छुवाछुत (सजाए र कसुर) ऐन, २०६८" पारित गरी लागू गरेको छ । यो संगै नयाँ संविधान निर्माण प्रक्रिया पनि लगभग अन्तिम चरणमा पुगेको छ । शोषित पीडित र दलित समुदायको हक सुनिश्चितताका लागि थप दवावको आवश्यकता पनि उत्तिकै छ । त्यसैले नेपाली समाजको विशिष्टतालाई उच्च सम्मान गर्दै समतामुलक समाज निर्माणको लागि सवै तह तप्कावाट अभियान सञ्चालन हुन जरुरी पर्दछ । त्यसैले व्यवस्थापिका संसदको महिला, वालवालिका र समाज कल्याण समिति अन्तर्गत जातीय विभेद तथा छुवाछुत समस्या समाधानका उपाय अध्ययन उपसमितिले पाँच विकास क्षेत्रका ३१ जिल्लाहरूको स्थलगत अध्ययन भ्रमण सम्पन्न गरेको छ ।

यो अध्ययन भम्रणले "जातीय छुवाछुत तथा (कसुर सजाय) ऐन, २०६८"को कार्यन्वयनको अनुगमन मात्रै होइन, भावी दिनमा विभेद अन्त्यका लागि राज्यले लिनुपर्ने नीतिका सम्वन्धमा विभिन्न जिल्लाका कार्यालय प्रमुखहरू, राजनीतिक दलका प्रतिनिधिहरू, नागरिक समाज, सञ्चारकर्मी, मानवअधिकारकर्मी एवं सर्वसाधारणहरूसंग छलफल अन्तरक्रिया गरी सुझाव लिने कार्य गरेको छ । साथै राजनीतिक दलका दलित जनसंगठनका नेताहरू र दलित अधिकारकर्मीहरूसंग पनि भेटघाट र छलफल गरेको छ ।

नेपाल सरकारका उपप्रधानमन्त्रीहरू, मन्त्रीहरूका साथै उच्चपदस्थ अधिकारीहरू, कानुन व्यवसायीहरू एवं अन्य विषय विज्ञहरूसंग विभिन्न चरणमा गरिएका छलफल अन्तरक्रिया र स्थलगत अध्ययनवाट प्राप्त सुझावका आधारमा प्रतिवेदन तयार भएको छ । यो प्रतिवेदनले समुदायको उत्थान संरक्षण र विभेद मुक्तिका लागि महत्वपुर्ण भुमिका निर्वाह गर्ने विश्वास गरिएको छ । नेपालको संसदको इतिहासमा पहिलो पटक जातीय भेदभावको विषयलाई संसदको अध्ययनको विषय वनाएर उपसमितिले कार्य अगाडि वढाउँदा सहयोग पुऱ्याउनु हुने सम्माननीय सभामुख सुवाषचन्द्र नेम्वाङ्गज्यू, माननीय उपसभामुख पूर्णकुमारी सुवेदीज्यू, व्यवस्थापिका संसदका महासचिव श्री मनोहर प्रसाद भट्टराई, संसद सचिवालयका सचिव श्री ठाकुरप्रसाद वराल, समिति सचिव श्री वीरेन्द्र वहादुर कार्की, उपसचिव श्री वंशीराज पौडेल, शाखा अधिकृत श्री केशव अर्याल र श्री विमला घिमिरे, कम्प्यूटर अप्रैरैटर श्री अनन्तप्रसाद कोईराला, खरिदार श्री नारायणवहादुर कार्की, सहयोगी श्रीराम तिवारी र श्री ईश्वर थापाप्रति हामी आभार प्रकट गर्दछु ।

यस उपसमितिको कार्यमा अहोरात्र खट्ने माननीय सदस्यज्यूहरू एवं उपसमिति गठन गर्न सहयोग पुऱ्याउनु हुने समितिका माननीय सभापतिज्यू लगायत सवै माननीयज्यूहरूप्रति म हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

साथै प्रतिवेदन लेखनमा विशेष योगदान पुऱ्याउनु हुने व्यवस्थापिका संसदका अन्य सम्वद्ध सवैप्रति म आभार प्रकट गर्दछु । साथै उपसमिति गठन भएपश्चात अमूल्य सुझाव सन्दर्भ सामाग्रीहरू उपलव्ध गराई महत्वपूर्ण सहयोग उपलव्ध गराउनु हुने मा. तिलक परियार, मा. खड्ग वस्याल, मा.पुरनसिंह दयाल, मा. मंगल वि.क., पूर्व राज्यमन्त्री श्री जितु गौतम, समता फाउण्डेसनका अध्यक्ष श्री पदम सुन्दास, जागरण मिडिया सेन्टरका अध्यक्ष श्री रेम वहादुर विश्वकर्मा, दलित जागरण केन्द्रका अध्यक्ष श्री अमर सुनार, पत्रकार महासंघ ललितपुरका अध्यक्ष श्री पुर्णसिंह वराईली, दलित महिला उत्थान संघका उपाध्यक्ष श्री गौरा नपाली, धुलिखेल नगरपालिकाका कार्यकारि अधिकृत श्री गणेश नेपाली, पत्रकार श्री शिवहरी ज्ञवाली, श्री अमित गौतम, श्री वीरवहादुर नेपाली लगायत सवै महानुभावहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । आगामी दिनहरूमा पनि यस्तै सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ।

............................

(मा.विनोद पहाडीं)

संयोजक

व्यवस्थापिका संसद -महिला वालवालिका र समाज कल्याण समिति अन्तर्गत

जातीय भेदभाव तथा छुवाछुत समस्या समाधानका उपाय अध्ययन गर्न गठित उपसमिति

**विषयक्रम**

**१.पृष्ठभूमि**
**२. गठन प्रक्रिया**
**३.उद्देश्य**
**४. अध्ययन विधि**
**५. अध्ययनको क्षेत्र**
**६.अनुगमन गरिएका जिल्लाहरू**
**७ अध्ययन  अनुगमनमा देखिएका तत्थ्यहरू**
**८. उपसमितिको सुझाव तथा सिफारिसहरू**
**९. उपलब्धिहरू**
**१०. निष्कर्ष**
**अनुसूचीहरू**

1. उपसमितिले छलफल एवं सुझावको लागि बैठकमा आमन्त्रण गरेका व्यक्तित्वहरू सम्वन्धी विवरण,
2. उपसमितिको प्रथम प्रारम्भिक प्रतिवेदन
3. उपसमितिको दोश्रो प्रारम्भिक प्रतिवेदन

## १.पृष्ठभूमिः

२००७ सालको राणा शासन अन्त्यका लागि भएको क्रान्ति, पञ्चायती व्यवस्था विरुद्ध २०४६ मा भएको पहिलो जनआन्दोलन, २०५२ देखि चलेको १० वर्षे माओवादी जनयुद्ध, २०६२/०६३ को दोश्रो जनआन्दोलन, मधेश आन्दोलन, विभिन्न समयका दलित लगायत सामाजिक न्यायका लागि भएका परिवर्तनकारी आन्दोलन, त्यस पश्चात भएको वृहत शान्ति सम्झौता, नेपालको अन्तरिम संविधान, २०६३ को निर्माणको परिणाम स्वरूप २०६३ सालमा घोषणा भएको संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल २०६४ सालमा सम्पन्न संविधानसभाको निर्वाचन लगत्तै २०६५ जेठ १५ मा बसेको संविधान सभको पहिलो बैठकबाट व्यवहारिक रूपमा कार्यान्वयन भएको छ । त्यसपछि जनतामा आएको नवीनतम चेतना र जागरणका कारण नयाँ राजनीतिक वहसको प्रारम्भ भएको छ, भौगोलिक रूपले उस्तै भए पनि राजनीतिक रूपले नेपाल नयाँ भएको छ ।

हिजो आज नयाँ नेपाल निर्माणको नारा जतातत्तै सुन्न पाइन्छ । राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक विकासको क्रमले पनि तिव्रता पाएको छ । पछाडि पारिएका जाति तथा समुदायहरूको आवाजले नयाँ राजनीतिक परिवर्तनसँगै छलफल र वहसमा स्थान पाउन थालेका छन् । भौतिक विकासले समाएको द्रुतत्तर गति र प्रविधिको नवीनतम विकाससंगै मान्छेको जीवनमा नयाँपन थपी दिएको छ । जसका कारण आज संसार एउटा कोठामा सिमित भएको छ । गाउँका कुना कन्दरामा पनि मोबाइल फोन र इण्टरनेटको पहुँचमा सहजता ल्याएको छ । पुराना र परम्परागत अवधारणाहरू बदलिएका छन्, मानवीय मूल्य र मान्यताहरू परिवर्तनको लहरसंगै नयाँ रूपमा परिभाषित भइरहेका छन् ।

अहिलेको बदलिंदो समयमा पनि युगौंदेखि नेपाली समाजमा रहेको जातीय विभेद र छुवाछुत भने अन्त्य हुन सकेको छैन । विभिन्न समयका राजनीतिक परिवर्तनले नयाँ आशा थपिदिए पनि मान्छेको मनोविज्ञानमा परिवर्तन आउन सकेको छैन । दलित, महिला, जनजाति, मधेसी, मुस्लिम र अन्य पिछडिएका जाति तथा वर्ग आवाजहरूको क्षेत्र पनि फराकिलो भएको छ । तर शोषित, पीडित र अन्यायमा बाँचेकाहरूले न्यायको प्रत्यक्ष अनुभूति गर्न पाएका छैनन् । अहिले पनि जातीय विभेद र छूवाछुत कै कारण दलितहरूले ज्यान गुमाउनु परेको छ । जातीय विभेदको आडमा मानिसहरू आपसी प्रेम आदान प्रदानमा गर्न समेत बर्जित भएका छन् । सबै प्रकारका विभेदको अन्त्यका लागि अगाडि ल्याइएका नीतिहरूको प्रभावकारी कार्यन्वयन हुन सकेको छैन । हुन त विभिन्न समयमा नेपालका दलित समुदायले सामाजिक न्याय, समानता र अधिकार प्राप्तीका लागि विभिन्न आन्दोलनहरू मार्फत दवाव दिंदै आएका छन् । २००७ सालदेखि २०४६ सालसम्म भएका प्रजातान्त्रिक आन्दोलनहरूमा पनि दलित समुदायले उल्लेखनीय भूमिका निर्वाह गरेका थिए । तर पनि दलित समुदायको जातीय समस्यालाई सम्बोधन गर्ने ठोस योजना बनेन् । नेपालको संवैधानिक पृष्ठभूमी तर्फ नियाल्दा नेपाल सरकार वैधानिक कानुन, २००४ ले कानुनी स्वतन्त्रताको उल्लेख गरेको पाइन्छ । अन्तरिम शासन विधान, २००७ अनुसार राज्यले धर्म, जातजाति, वर्ण, लिङ्ग जन्मस्थान वा ती मध्ये कुनै कुराको आधारमा कुनै नागरिकलाई विभेद नगरिने कुरा उल्लेख गरेको थियो ।

यसै गरी नेपाल अधिराज्यको संविधान २०१५ को धारा ४ र नेपालको संविधान २०१९ को धारा १० मा समानताको हक अर्न्तगत सबै नागरिकलाई कानुनको समान संरक्षणको हक प्रत्याभूत गरिएको थियो । तर उल्लेखित मौलिक हक औपचारिक समानताको हक मात्र थियो । राजनैतिक, आर्थिक, सामाजिक रूपमा पछाडि पारिएका समुदायको लागि ती मध्ये कुनै पनि संविधानले सारभूत समानताको अधिकार प्रत्याभूत गर्न सकेको थिएन । जातीय विभेद तथा छुवाछुत कसूरलाई कानुनी रूपमा मुलुकी ऐन २०२० को अदलको महलको १० (क) ले दण्डनीय वनाएको थियो ।

२०४६ सालको राजनैतिक परिवर्तन पछि निर्मित नेपाल अधिराज्यको संविधान, २०४७ ले जातीय भेदभाव र छुवाछुतलाई कानुनी रूपमा निषेध गरे पनि १५ वर्ष लामो उक्त संविधानको अभ्यासमा दलित समुदायलाई सम्बोधन गरी कुनै ठोस नीति तथा योजना र कानुन निर्माण गरिएन । यद्यपि दलितहरूको हक अधिकार बारे बोल्ने र लेख्ने अधिकारलाई भने यसलै स्थापित गऱ्यो र जागरुता पनि ल्यायो ।

यसपछि दलित आन्दोलनले दबाबको क्रम बढाउन थाल्यो । फलस्वरूप तत्कालीन प्रधानमन्त्री श्री शेरवहादुर देउवाले २०५८ साल श्रावण ३२  गते तत्कालीन प्रतिनिधि सभाको वैठकमा ८ बूँदे आर्थिक सामाजिक रूपान्तरणको घोषणामा छुवाछुतलाई व्यवहारमा नै अन्त्य गर्ने घोषणा गर्नु भएको थियो । उक्त घोषणामा छुवाछुतलाई व्यवहारमा नै अन्त्य गर्ने, न्यायसंगत ढंगवाट राजनीतिक सामाजिक व्यवस्थाको अभिन्न अंग मान्दै अवसरहरू उपलब्ध गराउने, समानता र न्यायको सिद्धान्त अनुरूप सार्वजनिक स्थलहरू जस्तै मठ मन्दिर, पूजा स्थलहरूमा कसैले रोक लगाउन नपाउने अर्थात निर्वाध उपयोग गर्न पाउने कुरा साथै आवश्यक कानुन तर्जुमा, निर्माण गर्नका लागि तात्कालिन संसदको अधिवेशनमा नै विधेयक ल्याउने दृढता व्यक्त गर्नु हुँदै मुलुक भरिमा सम्पूर्ण उत्पीडित दलित जातिको वृहत हित तथा उत्थानका लागि निरन्तर कार्य गर्न राष्ट्रिय परामर्श गरी दलित सम्वन्धी राष्ट्रिय आयोग गठन गर्ने उद्घोष समेत संसद समक्ष गर्नु भएको थियो । त्यसै अनुरूप पहिलौ पटक २०५८ चैत्र ६ गते पदमसिंह विश्वकर्माको अध्यक्षतामा गठित १० सदस्यीय राष्ट्रिय दलित आयोगले पनि विभेद अन्त्यको हकमा प्रभावकारी संयन्त्र बन्न सकेन ।
२०५८ सालदेखि पछिका दिनमा आयोग निर्माण गरिए पनि ठोस नीति, नियम र योजनाको अभावमा जातीय समस्या समाधानमा नयाँ कदम केही चाल्न सकिएन ।

२०६० सालमा तत्कालीन प्रधानमन्त्री सुर्यबहादुर थापाको कार्यकालमा जातीय विभेद छुवाछुत समस्यालाई सरकारी मुद्दाका रूपमा राज्यले अख्तियार गर्‍यो तर पनि कार्यान्वयनमा कुनै कदम अगाडि बढेन । फेरि पुनर्स्थापित प्रतिनिधि सभामा नेकपा एमालेका संसद परशुराम मेघी गुरुगले छुवाछुत मुक्त राष्ट घोषणाको संकल्प प्रस्ताव प्रस्तुत गर्नुभयो ।

नेपाल अधिराज्यको संविधान २०४७ ले धर्म, वर्ण लिङ्ग, जातजाति वा वैचारिक आस्था वा ती मध्ये कुनै पनि कुराको आधारमा गरिने विभेद विरुद्धको अधिकारलाई प्रत्याभूत गरेको थियो । महिला, बालक बृद्धा वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्ति आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण र विकासको लागि कानुनदारा राज्यले सकारात्मक विभेद को नीति अपनाउन सक्ने व्यवस्था गरेको थियो । त्यसलाई  नेपालको अन्तरिम संविधान, २०६३ लै पनि निरन्तरता दिएकौ छ ।

त्यसैगरी २०६५ माघ १२ गते तत्कालीन प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"ले केन्द्रदेखि गाविस स्तरसम्म छुवाछुत निगरानी केन्द्र स्थापना गर्ने घोषणा गरेता पनि लामो समयसम्म त्यसको कार्यान्वयन हुन सकेन ।
त्यसपछि निवर्तमान प्रधानमन्त्री झलनाथ खनालको नेतृत्वको सरकारले जेठ २१ गतेलाई छूवाछुत मुक्त दिवशको रूपमा मनाउने घोषणा गर्‍यो । यी घोषणाहरू पनि प्रभावकारी ढंगले कार्यान्वयन हुन नसक्दा दलितहरू माथिको विभेद घट्नुको साटो झन् बढेको अनुभूति जातीय विभेदका घटनाक्रमहरूलै देखाएका छन् ।
अन्तरराष्ट्रिय रूपमा पनि जातिवाद, जातिय भेदभाव, विदेशीप्रतिको घृणा तथा सम्वद्ध असहिष्णुता विरुद्ध विश्व सम्मेलनको क्रममा सन २००१ मा पारित डर्वान घोषणा-पत्रले गरिबी, सिमान्तकरण, सामाजिक वहिस्करण र आर्थिक असमानताहरूले जातिवादी मनोवृत्ति र व्यवहारहरू जसले थप गरिबी पैदा गर्दछन्, तिनको निरन्तरतालाई योगदान पुर्‍याउँदछ भन्ने कुरालाई स्वीकारेको छ । धनी र गरिब देशहरू दुवैको अन्तर्राष्ट्रिय समुदायले सन् २०१५ सम्ममा सहस्राव्दी विकास लक्ष्यहरूमा पुग्ने कोशिस गरिरहेकाले जातिवाद र भेदभावका सवै स्वरूपले हाम्रा उपलब्धीहरूलाई निरन्तर पछाडि धकेलिरहेका छन् भन्ने कुरालाई प्रत्येक समयमा दिमागमा राख्नुपर्दछ भन्ने कुरा उल्लेख गरिएको छ ।
पछिल्लो समयमा प्रधानमन्त्री झलनाथ खनालको नेतृत्वमा रहेको सरकारको पालामा २०६८ जेठ १० गते बसेको व्यवस्थापिका संसदको वैठकले सर्वसम्मतीबाट "जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८" पारित गर्‍यो । "जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८" को दफा ४ को उपदफा २ (क) र (ख) मा कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, वंश,

समुदाय वा पेशाका आधारमा यस दफा बमोजिमको काम गरे वा गराएमा जातिय भेदभाव तथा छुवाछुत गरेको मानिने र दफा ७ को उपदफा १ (क) मा कसूर गर्ने व्यक्तिलाई तीन महिनादेखि तीन वर्षसम्म कैद वा एक हजार रूपैंयाँदेखि पच्चीस हजार रूपैंयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्ने व्यवस्था गरेको छ । तथापि सामाजिक, साँस्कृतिक, धार्मिक लगायतका कारण हुने विभेद जन्य घटना बृद्धि हुनुका साथै कुटपीट, लुटपाट, अपमान र हत्यासम्मका जघन्य अपराध भइरहेका छन् ।

हालसम्मको अभ्यासलाई निकाल्दा ऐनको कार्यान्वयनको पक्ष अत्यन्त फितलो पाइएको छ । यो ऐन कार्यन्वयनका साथै जातीय विभेदको अन्त्यका लागि प्रभावकारी अभियान संचालन गर्न जरुरी छ ।

२००७ सालको राजनीतिक परिवर्तनको आन्दोलनदेखि पटकपटक भएका ऐतिहासिक जनआन्दोलन जनसंघर्ष एवं जनयुद्ध पछि निर्माण भएको सरकार र नया राजनीतिक परिवेशमा पनि दलित समुदायले भोगिरहेको समस्याहरूमा खास अन्तर नदेखिनु संविधान ऐन कानुनले जातीय छुवाछुत समस्यालाई गैरकानुनी र सामाजिक अपराध अर्थात् मानवता विरुद्धको अपराध स्वीकार गरिसकेको अवस्थामा पनि जातीय विभेदका घटनाहरूमा कमी आउनुको बदला झन् जघन्य प्रकारका घटनाहरू दिनप्रतिदिन तीव्र हुदै गएकाले नेपालको संसदको इतिहासमा जातीय छुवाछुतको समस्यालाई राजनीतिक कानुनी एवं व्यवहारिक रूपमा समस्या समाधानका उपाय खोज्नु व्यवस्थापिका संसदको महिला बालबालिका र समाज कल्याण समितिले जातीय भेदभाव छुवाछुतको समस्या समाज कल्याणको मुद्दा भएकाले उपसमिति गठन गरी अध्ययन प्रक्रिया अघि बढाइएको छ ।

## २. गठन प्रक्रिया :

व्यवस्थापिका-संसद, महिला, बालबालिका र समाजकल्याण समितिको मिति २०६८ साल चैत्र ३० गते वसेको वैठकको निर्णयानुसार समिति अन्तर्गत जातीय भेदभाव छुवाछुत समस्या र समाधानका उपायहरू अध्ययन गर्न गठित उप-समितिलाई प्राप्त कार्यादेश वमोजिम देशका पाँचै विकासक्षेत्रका विभिन्न जिल्लाहरूमा पुगी वर्तमानमा रहेको जातीय भेदभाव र छुवाछुतको अवस्था, स्थिति र समाजमा त्यसले पारेको प्रभाव, जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ व्यवस्थापिका-संसदवाट पारित भै लागु भैसकेको सन्दर्भमा त्यसको कार्यन्वयनको अवस्था लगायतका विषयहरूमा त्यस क्षेत्रका राजनैतिक दलका प्रतिनिधिहरू, स्थानीय प्रशासनका जिम्मेवार पदाधिकारीहरू, दलित लगायत विभिन्न गैर सरकारी संघ संस्थाका प्रतिनिधिहरू, मानव अधिकारवादीहरू, पत्रकार जगत, नागरिक समाज लगायत अन्य पक्षहरूसंग व्यापक छलफल र अन्तरक्रिया गरी विद्यमान जातीय भेदभाव छुवाछुतको समस्या समाधानका उपाय सरकारका तर्फवाट अध्ययन अनुगमन गरी तत्कालीन र दीर्घकालीन रूपमा गर्नुपर्ने कार्यहरूका वारेमा सुझाव समेत संकलन गरी समिति मार्फत व्यवस्थापिका-संसदको वैठकवाट यस सम्वन्धमा प्रतिवेदन पारित गरेर सरकारलाई निर्देशन समेत दिने मुख्य अभिप्राय स्वरूप यो प्रतिवेदन तयार गरिएको छ ।

## ३. उद्धेश्यहरू :

- शताव्दियौंदेखि देशमा कुसंस्कार, विकृति र विसंगतिको रूपमा कायम रहेको जातीय विभेद तथा छुवाछुत प्रथाको थिचोमिचोवाट पीडित दलित समुदायको समस्या समाधानका उपाय खोज्ने ।
- दलित समुदायमाथि भइरहेका जातीय भेदभाव तथा छुवाछुतको अवस्थाको बारे अध्ययन अनुगमन गर्ने ।
- जातीयताका आधारमा देशका विभिन्न क्षेत्रमा दलित समुदाय माथि भएका कसूरजन्य घटनाहरूको अध्ययन गरी सत्य तथ्य वाहिर ल्याउने । दोषीलाई कानुनी सजाय र पीडितलाई न्याय दिलाउन पहल गर्नै ।
- "जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८"को कार्यान्वयन पक्षमा जोड दिने ।

- जातिय छुवाछुत तथा भेदभावका घटनाहरूको तत्काल अध्ययन तथा अनुगमन गरी कारवाही प्रकृया अगाडि वढाउन सम्वन्धित सरकारी निकायको ध्यानाकर्षण गराउनै/समिति मार्फत निर्देशन दिनै ।
- दलित समुदायको उत्थान र विकासका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्नका लागि सरकारलाई निर्देशन दिने ।

**४ अध्ययन विधि**

- सरोकारवाला व्यक्तिहरूसंग छलफल, अन्तर्क्रिया र प्राप्त सुझाव,
- नेपाल सरकारका विभिन्न निकायका पदाधिकारीहरूसंगको छलफल,
- जातीय भेदभाव तथा छुवाछुत र यससंग सम्वन्धित अन्य विषयहरूका वारेमा प्रकाशित पुस्तक, प्रतिवेदन, श्रव्यदृश्य सामग्री र पत्रपत्रिकामा प्रकाशित लेखहरू,
- उपसमितिबाट गरिएका स्थलगत अध्ययन भ्रमणहरू र त्यसबाट प्राप्त तथ्य तथा सुझावहरू,
- उपसमितिका वैठक तथा छलफल,

**५. अध्ययनको क्षेत्र**

जातीय भेदभाव तथा छुवाछुत समस्या र समाधानसंग सम्वन्धित सरकारी तथा गैरसरकारी निकाय, पदाधिकारी, संघसंस्था तथा व्यक्तिहरू ।

**६. उपसमितिको अनुगमन गरिएका जिल्लाहरूमा भएका छलफल**

व्यवस्थापिका-संसद, महिला, बालबालिका र समाज कल्याण समिति अन्तर्गत जातीय भेदभाव, छुवाछुत समस्या र समाधानका उपाय सम्वन्धमा अध्ययन गर्न गठित उपसमितिले अलग अलग संसदीय टोली वनाई देशका विभिन्न भागको स्थलगत अनुगमन गरेको छ । पहिलो चरणमा २०६८ कार्तिक १४ गतेदेखि २० गतेसम्म पूर्वाञ्चलको ताप्लेजुङ्ग, पाँचथर, ईलाम, झापा, मोरङ्ग, सप्तरी, सिराहा र सुदुरपश्चिमाञ्चलको दार्चुला, वैतडी, डडेल्धुरा, डोटी, कैलाली त्यसैगरी २०६८।८।१७ देखि ऐ.२० सम्म पश्चिमाञ्चलको कास्की, पर्वत, वाग्लुङ्गको स्थलगत अनुगमन गरेको छ ।

तेश्रो चरणमा उपसमितिले रूपन्देही, कपिल्वस्तु, प्यूठान, रोल्पा, दाङ्ग एवं वाँके, सुर्खेत, दैलेख, कालिकोटको स्थलगत अध्ययन गरेको छ । यसै गरी मकवानपुर, पर्सा, रौतहट सर्लाही, धनुषा, महोत्तरी, सिन्धुली अध्ययनको क्रममा टोलीले राजनैतिक दलका प्रतिनिधिहरु, जिल्लास्थित सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, पेशागत एवं सामाजिक संघसंस्थाका प्रतिनिधिहरु, संचारकमी, दलित अधिकारकर्मी, नागरिक समाजका अगुवाहरूसँग समाजमा विद्यमान जातीय भेदभाव र छुवाछुत समस्या समाधानका सम्वन्धमा छलफल एवं अन्तरक्रिया गरेको छ । उपसमितिले जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ कार्यान्वयनको सम्वन्धमा सरोकारवालाहरूसंग छलफल अन्तरक्रिया गरी प्रभावकारी कार्यान्वयनको सन्दर्भमा सुझाव संकलन गर्ने काम समेत गरेको छ ।

स्थलगत अध्ययन भ्रमणवाट उप-समितिले प्राप्त गरेको तथ्य र जानकारीका आधारमा देशव्यापी रुपमा जातीय भेदभाव र छुवाछुत अझै पनि कायमै रहेको देखिन्छ । दलित वर्गहरू अझैसम्मपनि न्यायको पहुँचमा आउन सकेका छैनन् । जातीय भेदभाव र छुवाछुतका घटनालाई गाउँस्तरमै मिलापत्र गराई कानुनी दायरामा पुग्नवाट रोक्ने प्रयास पनि गर्ने गरिएको देखिन्छ । जातीय भेदभाव छुवाछुत (कसुर र सजाँय) ऐन, २०६८ कार्यान्वयन प्रति प्रशासनिक निकायले प्रभावकारी काम गर्न सकेको छैन साथै ऐनको प्रचारप्रसारमा पनि खासै ध्यान दिइएको छैन । दलितलगायत लक्षित वर्ग विकास कार्यक्रमको बजेटले उक्त वर्गका लागि खासै उपलब्धी दिलाउन नसकेको र सरकारले कार्यक्रम बारे जनस्तरसम्म राम्रोसंग प्रचार प्रसार गर्न नसकेको समितिको ठहर छ ।

**७. उपसमितिको अध्ययन, अनुगमनबाट प्राप्त तथ्यहरू :**

उपसमितिले अध्ययनको क्रममा नेपाल सरकारका विभिन्न निकायका पदाधिकारीहरू, दलित आन्दोलनका अगुवाहरू, राजनीतिक दल, विभिन्न सरकारी तथा संघसंस्थाका प्रतिनिधिहरू, कानुन व्यवसायीहरू, जिल्लास्थित सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरू, अधिकारकर्मीहरू, पैशागत एवं सामाजिक संघसंस्थाका प्रतिनिधिहरू, संचारकर्मी तथा नागरिक समाजका व्यक्तित्वसंग जातीय भैदभाव तथा छुवाछुत समस्या समाधानका उपाय र "जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८"को कार्यान्वयन सन्दर्भमा व्यापक छलफल गरियौ । छलफलबाट दैहाय बमौजिमका तथ्य तथा सुझावहरू प्राप्त भएका छन् ।

- २००७ सालको राजनैतिक क्रान्तिदेखि पछिको समयमा पनि पटक पटक भएका राजनैतिक आन्दोलनहरूमा नेपाली दलित समुदायको उल्लेखनिय सहभागीता त्याग र वलिदान भएता पनि राजनैतिक तहवाट त्यसको यर्थाथ मुल्याकन भएको देखिएन ।
- राणा सासन विरुद्ध लडने योद्धाहरूदेखि २०६२/०६३ को जनआन्दोलन, दशवर्षे माओवादी जनयुद्ध, मधेश आन्दोलन, दलित नागरिक आन्दोलन, वादी आन्दोलन एंव अन्य विभिन्न आन्दोलनमा जीवन वलिदान गर्ने दलित समुदायको शहीदहरू घाईते एंव वेपत्ताजनहरूको अभिलेख राख्ने र सम्मान गर्ने, राहत र सहयोग गर्ने कुरामा सरकारको ध्यान पुग्न नसकेको पाइयो ।
- जातिय भेदभाव, कुसस्कार र कुरीतिको मार खेपिरहेका दलित समुदायको जीवनस्तर विकास गर्न राज्यले विगतमा प्रभावकारी कार्यक्रम नीति र योजना तर्जुमा गरेको पाइएन । वनेका सीमित योजना र नीतिहरू पनि राज्यको प्रभावकारी संयन्त्रको अभावमा तल्लो तहसम्म प्रभावकारी रूपमा कार्यन्वयन हुन सकेको देखिएन ।
- वि.सं. २०४६ सालको राजनैतिक परिवर्तनपछि तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारी र अर्थ मन्त्रि भरत मोहन अधिकारी रहेका वेला पहिलो पटक लागू गरिएको दलित छात्रावृति कार्यक्रम अत्यन्त लोकप्रिय र हालसम्म निरन्तर भएता पनि यसको पर्याप्त वजेट र स्पष्ट मापदण्डको अभावमा सवै दलितको वीचमा पुग्न नसकेको र प्रभावकारी कार्यन्वयन हुन नसकेको पाइयो । उक्त छात्रवृति रकम विद्यालय व्यवस्थापन समिति र प्रधानअध्यापकको समेत संलग्नतामा दलित विद्यार्थीलाई उपलव्ध गराउनुको साटो कतिपय जिल्लाहरू र स्थानहरूमा विद्यालयको भौतिक विकास एवं अन्य शिर्षकमा खर्च गरी दुरूपयोग गरेको समेत गुनासोहरू व्यापक रूपमा आएको पाइयो ।
- जातीय भेदभाव अन्त्यका लागि वि.सं. २०४७ सालको संविधानले विशेष कानुन वनाउने परिकल्पना गरेपनि त्यो संविधानको १५ वर्षको अभ्यासमा दलित समुदायको मनोवल उठाउने गरी कानुन तर्जुमा गर्ने सवालमा कुनै तहवाट चासो देखाएको पाईएन । तत्कालीन प्रतिनिधि सभामा राष्ट्रिय जनमोर्चाका साँसद परि थापाले गैरसरकारी विधेयकका रूपमा संदन समक्ष पेश गरेको जातीय भेदभाव छुवाछुत कसुर सजाय गर्न वनेको विधेयक २०५३ सदन समक्ष छलफलमै नल्याई थन्काइयो । यसले के पुष्टी गर्दछ भने जातीय भेदभाव अन्त्यका लागि तत्कालीन राजनीतिक नेतृत्वको इच्छा शक्ति नभएको पाइयो ।
- वि.सं. २०५२ सालमा तत्कालीन गृहमन्त्री केपी शर्मा ओलीको कार्यकालमा दलित समुदायलाई थर, गोत्रका आधारमा नागरिकता प्रदान गर्ने निर्णय गरी सबै जिल्लामा परिपत्र गरिएपनि त्यसको कार्यान्वयनमा अझै पनि समस्या देखिएको छ ।
- वि.सं. २०५७ असार १४ गते दलितहरूलाई आरक्षण व्यवस्था लगायतका २१ सूत्रीय माग राखी नैपाल उत्पीडित जातीय मुक्ति समाजको आह्वानमा भएको रिले अनसन अन्त्य गराउन तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र आन्दोलनरत पक्षवीच भएको सम्झौता अनुसार पहिलो पटक १-१ जना एमवीवीएस र इञ्जिनियरिङ विषयको अध्ययनमा दलित छात्रबृत्ति दिने भनिए पनि एमवीवीएसमा मात्र छात्रवृत्ति उपलब्ध गराइएको पाइयो ।
- तत्कालीन पुर्नस्थापित प्रतिनिधि सभामा नेकपा एमालेका नेता एवं साँसद परशुराम मेघी गुरुङ्गले प्रस्तुत गर्नु भएको छुवाछुत मुक्त राष्ट्र घोषण गर्ने संकल्प प्रस्तावलाई प्रतिनिधि सभाले सर्वसम्मतीले

पारित गरेपनि उक्त प्रस्तावलाई व्यवहारिक रूपमा कार्यान्वयनमा उतार्न एवं छुवाछुतको अन्त्यका लागि राज्यको तर्फवाट कुनै ठोस कदम उठाएको पाइएन । परशुराम मेघी गुरुङ्गद्वारा प्रस्तावित र सांसदहरू हरि आचार्य, रामहरि ढुंगेल, टंकप्रसाद राई, गोविन्दविक्रम शाह, लगायतकाले समर्थन गर्नु भएको उक्त नेपाललाई छुवाछुत मुक्त राष्ट्र गर्ने प्रस्तावमा उल्लेख गरिएको छ । संविधानसभाको घोषणा भईसकेको सन्दर्भमा संविधान सभाको गठन तथा संविधान निर्माण गर्ने सम्पुर्ण प्रकृयामा सहभागी गराई छुवाछुत प्रथाको सम्पूर्ण विभेदकारी नीति र कार्यको अन्त्य गरी उत्पीडित दलित जातिलाई राष्ट्रको मुल आधारमा समावेश गरी समतामुलक समाजको निर्माण गर्न त्यस्ता उत्पीडित जातिको तथ्याँक संकलन गरी गरिबीको रेखामुनी रहेका उत्पीडित दलित जातिलाई शिक्षा, स्वास्थ्य र रोजगारीको उचित प्रवन्ध गर्न विशेष आर्थिक कार्यक्रम सञ्चालन समेत गरी छुवाछुत र भेदभाव नभएकौ व्यवहारिक रूपमा मुक्त राष्ट्र नेपाल घोषणा गरियोस् । उक्त आकर्षक भाषा सहित छुवाछुत मुक्त राष्ट्र घोषण गरिए पनि तत्कालीन पुनःस्थापित प्रतिनिधि सभा, अन्तरिम व्यवस्थापिका संसद हुँदै संविधानसभा व्यवस्थापिका संसदको लामो कार्यकालसम्म पनि संसदले पारित गरेको र प्रधामन्त्रीले घोषणा गरिएका प्रतिवद्धताहरू पनि पूरा गर्ने वा कार्यान्वयन गर्नेतर्फ कुनै चासो देखाएको पाइएन ।

- तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"ले २०६५ माघ १२ गते देशबासीका नाममा सम्वोधन गर्दै दलित समुदायको हकमा केन्द्रदेखि स्थानीय तहसम्म छुवाछुत निगरानी केन्द्र स्थापना गर्ने, हरेक केन्द्रदेखि जिल्ला अदालतसम्म छुवाछुत अपराध हेर्ने इजलास स्थापना गर्ने घोषणा गरे तापनि यो हालसम्म पनि कार्यान्वयन गरेको देखिएन ।
- वि.सं. २०६० सालमा तत्कालीन शाही शासन कालमा प्रहरीले गोली हानी हत्या गरिएका राष्ट्रिय मानव अधिकार आयोग जनकपुर कार्यालयमा कार्यरत मानव अधिकार अभियन्ता दयाराम परियारलाई शहीद घौषणा गर्नु पर्ने, परिवारलाई राहत तथा क्षतिपूर्ति दिने कार्यका लागि राष्ट्रिय मानव अधिकार आयोगलै सिफारिस गरै पनि कार्यान्वयन नभएकौ ।
- वि.सं. २०६१ सालमा १३ प्रमुख राजनीतिक दलहरूद्धारा गैरसरकारी संस्थाहरूका बीचमा संयुक्त रूपमा हस्ताक्षर गरी जारी गरिएको छुवाछुत उन्मुलनका लागि राजनीतिक स्वेतपत्र कागजमै सीमित भएको पाइयो ।
- तत्कालीन उपप्रधामनत्री एवं गृहमन्त्री कृष्ण बहादुर महराले यसै उपसमितिमा उपस्थित भई केन्द्रमा छुवाछुत अपराध निगरानी केन्द्र तत्काल स्थापना गर्ने र क्रमशः जिल्ला तहसम्म विस्तार गर्दै जाने घोषणा गरे बमोजिम आफ्नै कार्यकालमा केन्द्रमा छुवाछुत निगरानी केन्द्र स्थापना गरैको भए पनि हालसम्म उक्त केन्द्र निष्क्रिय रहेको साथै जिल्लामा विस्तार हुन नसकेको पाइयो ।
- नेपाल सरकारले प्रस्तूत गरेको आर्थिक वर्ष २०६६/०६७ को बजेट वक्तव्य मार्फत अगाडि सारिएको अन्तरजातीय विबाह प्रौत्साहन अनुदान वितरण कार्यक्रम अन्तर्गत अघिल्लौ आर्थिक वर्षको अन्त्यसम्म देशभर कुल २०५ जना जोडीले मात्र सौ प्रौत्साहन रकम प्राप्त गर्न सफल भएका छन् । कार्यक्रम कार्यान्वयनमा प्रशासनिक तबरबाट अत्यन्त झन्झटिलो भएकौ कारणले अन्तरजातीय विवाह गरैका जौडीलै रकम प्राप्त गर्न कठिन भएको देखियो तर चालू आर्थिक वर्षमा निरन्तरता नपाएको सन्दर्भमा उपसमितिको पहलमा मा. उपप्रधानमन्त्री तथा गृहमन्त्री विजयकुमार गच्छदार र मा. अर्थमन्त्री वर्षमान पुनसँगको छलफलपछि यो वर्ष पनि कार्यक्रम सुचारु हुने प्रक्रियामा छ । यद्यपि वितरण कार्यविधि, झन्झटिलो विवाह दर्ता प्रक्रिया आदि कारणले अन्तरजातीय विवाहका जोडीलाई यो कार्यक्रमकौ दायरामा आउन कठिन भएको छ ।
- तत्कालीन अर्थमन्त्री डा. बाबुराम भट्टराईले आरम्भ गर्नु भएको दलितद्धारा सञ्चालित सहकारीलाई अनुदान दिने, ६० वर्षमाथिका सबै दलित बृद्धबृद्धाहरूलाई सामाजिक सुरक्षा भत्ता दिने नीतिगत कार्यक्रम पनि प्रशासनिक झन्झटका कारणले सहज रूपमा कार्यान्वयन हुन सकेकौ छैन ।

- तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल “प्रचण्ड” र अर्थमन्त्री डा. बाबुराम भट्टराईकौ कार्यकालमा बादी समुदायलाई लक्षित गरी सुरु गरिएको घर विकास कार्यक्रमका लागि विनियोजन गरिएको तीन करोड रकम फितलो मापदण्डका कारण प्रभावकारी कार्यान्वयन हुन नसकेको देखियो ।
- तत्कालीन प्रधानमन्त्री माधबकुमार नेपालको कार्यकालमा प्रारम्भ भएको जनता आवास कार्यक्रम अन्तर्गत सिराहा, सप्तरी र कपिलवस्तुबाट सुरु गरिएको दलित सुरक्षा कार्यक्रम अत्यन्त लोकप्रिय भए पनि कार्यान्वयन प्रक्रिया झन्झटिलो भएका कारण दलितहरूले यो सुविधा पनि सहज रूपमा उपभोग गर्न सकेका छैनन् । जग्गा भएकालाई घर बनाइदिने नीतिले भूमिहीनहरू आवास सुविधाबाट बञ्चित छन् ।
- केन्द्रदेखि जिल्ला हुँदै गाउँतहसम्म वार्षिक योजना निर्माण तर्जुमा गोष्ठी तथा कार्यक्रममा दलित समुदायलाई सहभागी गराएको पाइएन ।
- राजनीतिक दलहरूले आफ्ना दलगत चुनावी घोषणापत्रहरूमा, औपचारिक सभासमारोहमा छुवाछुतका विरुद्ध बोलेपनि व्यवहारमा कुनै पनि दलहरूले जातीय भेदभावका विरुद्ध अभियान सञ्चालन गरेको पाइएन । कुनै कुनै स्थानमा राजनीतिक दलका कार्यकर्ताहरूबाटै जातीय भेदभावलाई संरक्षण गरेको समेत देखियो ।
- २०६२/६३ को दोस्रो जनआन्दोलनपछि राज्यका सबै निकायमा समावेशी तथा समानुपातिक प्रतिनिधित्वको व्वस्थागर्ने नीति लिइएको भएतापनि राजदूत नियुक्तिमा दलित समुदायबाट एक जनामात्र गुणलक्ष्मी विश्वकर्मा शर्मालाई नियुक्त गरिएपनि त्यसपछिका दिनमा राजदूत नियुक्तमा दलित समुदायलाई नसमेटिएकोमा सर्वत्र गुनासो सुनियो ।
- जातीय विभेदसम्बन्धी नीति, ऐन तथा कानुनहरूको कार्यान्वयनमा राजनीतिक दलका कार्यकर्ताहरू अत्यन्तै उदाशीन भएको देखियो ।
- जातीय छुवाछुतका बिरुद्ध संगठित र गोलबन्द हुँदै संघर्षरत दलित समुदाय, उनीहरूका जातीय संघसंगठनहरू, आफूहरूभित्रै विद्यमान आन्तरिक छुवाछुत समस्या समाधानका नीति तथा योजना र कार्यक्रम विहीन देखिए ।
- अझै पनि सामाजिक व्यवहारमा जातीय भेदभाव तथा छुवाछुतका अवशेषहरू ज्यूँका त्युँ छन् । सार्वजनिक महत्वका मन्दिर तथा अन्य महत्वपूर्ण स्थलहरूमा दलित समुदायकौ सहज प्रवेश हुन नसकैको देखियो ।
- देशको मध्य तथा सुदुरपश्चिम विकास क्षेत्रका कतिपय विद्यालयहरू दलितमैत्री नभएकाले कक्षा छाड्ने दलित बालबालिकाहरूको संख्या अत्याधिक रहेको पाइयो ।
- पाँच विकास क्षेत्रका केही जिल्लाहरूलाई नमूनाको रूपमा छनौट गरी जातीय भेदभावको स्थिति अध्ययन गर्दा देशैभरी जातीय विभेद तथा छुवाछुत व्याप्त भएको पाइयो । सुदूर पश्चिम र मधेशको तुलनामा पूर्वाञ्चल र मध्यमाञ्चलनका पहाडी जिल्लाहरूमा केही सुधार देखिए पनि आशय छुवाछुत कायम छ ।
- “जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८” मा दण्ड सजायको व्यवस्था कमजोर भएका कारण छुवाछुत अपराधका दोषीहरू सहज रूपमा उम्कन सक्ने र छुवाछुतले झनै प्रसय पाउने गरेको देखियो ।
- सरकारले घरजग्गा रजिष्ट्रेसन पासमा महिलाहरूलाई नागरिकताका आधारमा २५ प्रतिशत राजश्व मिनाहा हुने व्यवस्था गरेको तर दलितहरूको हकमा गाविस/नगरपालिकाको सिफारिस अनिवार्य गरिएकोले नागरिकतामै दलित भन्ने थर खुल्न आएमा नागरिकताको आधारमा नै घरजग्गा रजिष्ट्रेसन पासमा २५ प्रतिशत राजस्व छुट सुविधा पाउने व्यवस्था हुनुपर्ने र थरबाट खुल्न नआएकौमा मात्र सम्बन्धित निकायको सिफारिस लिनु पर्ने व्यवस्था हुनु पर्ने ।

- नेपालको राजनीतिक इतिहासमा दश वर्षको माओवादी जनयुद्ध, २०६२/०६३ को जनआन्दोलन, मधेश आन्दोलन, दलित आन्दोलन र अन्य अधिकारका लागि भएका आन्दोलन स्वरूप संविधान सभाको निर्वाचनबाट ५० जना दलित समुदायको प्रतिनिधित्व भएको छ । यसले दलित समुदायमा आशा जगाएको पाइयो । तर, तदनुरूप संविधान सभा/व्यवस्थापिका संसदमा दलित आन्दोलनका मागलाई व्यवस्थित गर्ने सवालमा ठोस पहल हुन नसकेको गुनासो सर्वत्र सुनियो ।
- वि.सं २०६२ सालमा (तत्कालीन शाही शासन काल) प्रहरीको गोली प्रहारद्वारा मारिएका राष्ट्रिय मानव अधिकार आयोग, जनकपुरमा कार्यरत मानव अधिकार अभियन्ता दयाराम परियारलाई शहीद घोषणा गरी निजका परिवारलाई राहत तथा क्षतिपूर्ति दिन राष्ट्रिय मानव अधिकार आयोगले सिफारिस गरिसकेको अवस्थामा पनि सो कार्यान्वयन नभएको ।
- बर्दिया राष्ट्रिय निकुञ्जको बाँसपानी क्षेत्रमा वि.सं. २०६६ फागुन २६ गते काउलो काट्न जाँदा नेपाली सेनाद्वारा चोरीशिकारीको आरोपमा मारिएका निर्दोष दलित महिलाहरुः देवीसरा विक, अमृता विक र चन्द्रकला विकको परिवारलाई राहत सहयोग उपलब्ध गराउन र दोषी सेनाका पदाधिकारीहरुलाई कानुनबमोजिम कारवाही गर्न संसदको महिला बालबालिका तथा समाजकल्याण समिति, राष्ट्रिय मानवअधिकार आयोग र दलित सभासदमञ्चलगायतले सरकारलाई सिफारिस र माग गरेको भएपनि दलित समुदाय भएकै कारण हालसम्म कारवाही नभएको भन्ने गुनासो सुनिएको ।
- ललितपुरको गोदावरी गाविस-९ निवासी ४६ वर्षीय सानु सुनारलाई २०६७ जेठ १० गते प्रहरीले नियन्त्रणमा लिएको र प्रहरीको कुटपीठबाट जेठ १२ गते महानगरीय प्रहरी प्रभाग कालीमाटीमा निज सानु सुनारको ज्यान गएकोमा दोषी प्रहरी अधिकृतलाई कारवाही र मृतकका परिवारलाई क्षतिपूर्ति राहत हालसम्म पनि उपलब्ध नगराइएको देखियो ।

**८.उप-समितिका सुझाव र सिफारिस :**

(क) दलित समुदायको लागि शिक्षा तथा स्वास्थ्यको क्षेत्रमा सुधारका लागि अबलम्बन गरिनु पर्ने नीति

**(क) <u>शिक्षाका सम्बन्धमा</u>**

**<u>अल्पकालीन नीति</u>**

- जातीय भेदभाव तथा छुवाछुतजन्य अपराधलाई प्रत्यक्ष वा परोक्ष रूपमा बढावा दिने पाठ्यक्रम/पाठ्यपुस्तकलाई अविलम्ब हटाई जातीय भेदभाव तथा छुवाछुतलाई न्यूनीकरण गरी सामाजिक अन्तरघुलनलाई बढावा दिने खालका शैक्षिक सामग्रीहरू निर्माण गरिनुपर्ने ।
- प्रत्येक विद्यालय व्यवस्थापन समितिमा दलित समुदायको अनिवार्य प्रतिनिधित्वको सुनिश्चितता गरिनुका साथै हरेक तहमा एक विद्यालय एक दलित शिक्षकको नीतिलाई अख्तियार गर्दै दलित महिला शिक्षिकालाई प्राथमिकता दिइनुपर्ने ।
- तराई दलितहरू जस्तै मुसहर, बाँतर, डोम, हलखोर तथा पहाडका गन्धर्व र बादी महिलाहरूलाई प्राथमिकता दिँदै विशेष औपचारिक, अनौपचारिक तथा खुल्ला विद्यालय जस्ता शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिनुपर्ने ।
- सम्पूर्ण शिक्षण संस्था, विश्वविद्यालयलाई छुवाछुतमुक्त क्षेत्रको घोषणा गरी विभेद अन्त्य गर्ने
- विद्यालय क्षेत्रमा विभेद तथा छुवाछुत गर्ने विद्यालय, पदाधिकारी एवं व्यक्तिलाई कारबाही गरी तत्काल शिक्षामनत्रालयले सर्कुलर जारी गर्नुपर्ने ।
- सरकारी तथा निजी विद्यालयको माध्यमिक तहसम्मका दलित बालबालिकालाई पोशाक, पाठ्यपुस्तक र परीक्षा शुल्क, भर्ना शुल्क समेत पूर्ण रुपमा निःशुल्क लिन नपाइने गरी निःशुल्क शिक्षाको व्यवस्था गरिनुपर्ने ।
- शिक्षा नीतिलाई समावेशी बनाउँदै दलित समुदायको शैक्षिक स्तरलाई सुधार गर्नका लागि हालको सरकारी बजेटमा बीस प्रतिशतले बढाइनुपर्ने ।

- अधिकांश विद्यालयहरूको शैक्षिक वातावरण दलित मैत्री नभएकाले प्राथमिक तहमा विद्यालय छाड्ने दलित बालबालिकाहरूको संख्या अत्याधिक देखिएको छ । त्यसैले विद्यालय क्षेत्र दलित मैत्री बनाई दलित बालबालिका र उनीहरूका अभिभावकहरूलाई समेत आकर्षित गर्ने खालका विशेष कार्यक्रमहरू ल्याइनुपर्ने ।
- दलित बालिकाहरुलाई अनिवार्य शिक्षाको व्यवस्था गरिनुपर्ने ।

**दीर्घकालीन नीति**

- दलित वर्गको उत्थानमा महत्वपूर्ण योगदान पुर्‍याउने व्यक्तिहरूको प्रेरक जीवनीलाई शैक्षिक पाठ्यक्रममा समावेश गरिनुपर्ने ।
- हाल सरकारले उच्च शिक्षाअन्तर्गत चिकित्सा शास्त्र (एमवीवीएस)मा मात्र दलित छात्रवृत्ति कोटा उपलब्ध गराइएकोमा इञ्जिनियरिङ्ग, वन विज्ञान, आयुर्वेद, नर्सिङ्गलगायत अन्य प्राविधिक विषयमा समेत समानुपातिक कोटा निर्धारण गरिनुपर्ने ।
- निजी तथा सामुदायिक विद्यालयहरूमा माध्यमिक तहसम्म दलित समुदायको विधार्थीहरूलाई विशेष आवास सुविधासहित निःशुल्क छात्रवृत्ति प्रदान गरिनुपर्छ । त्यसैगरी हरेक छात्रवृत्ति वितरण समिति - शिक्षा मन्त्रालय वा सो अन्तर्गतका सबै निकाय, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्लगायतका निकाय)मा अनिवार्य रूपमा दलित समुदायकौ प्रतिनिधित्व हुनुपर्छ ।
- दलित समुदायको लागि प्रदान गरिने छात्रवृत्ति, कोटा तथा अन्य सहयोग पारदर्शी रूपमा दलित समुदायकै हितमा मात्र प्रयोग गरिनुपर्छ । त्यसैगरी दलित विद्यार्थी नै नभएको स्थानमा पठाइने छात्रवृत्ति कटौती गरी बढी दलित विद्यार्थी भएको स्थानमा थप गरिनुपर्छ । र, दलित छात्राहरूले छात्रवृत्ति पाए नपाएको दलित आयोग र महिला आयोगमार्फत् अनुगमन गरिनुपर्ने ।
- दलित समुदायको परम्परागत पेशा तथा व्यवसायको संरक्षण, आधुनिकीकरण र बजारीकरणका लागि व्यवसायिक शिक्षाका रूपमा पाठ्यक्रम नै तयार गरी लागू गरिनुपर्ने ।
- प्रत्येक जिल्ला शिक्षा कार्यालय र केन्द्रमा शिक्षा मन्त्रालयअर्न्तगत सञ्चालन गरिएका शैक्षिक कार्यक्रम, शैक्षिक निकाय र अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाहरूले सञ्चालन गरेका शिक्षासम्बन्धी कार्यक्रमहरूको कार्यान्वयन प्रक्रियाका सबै चरणमा दलित समुदायको अनिवार्य प्रतिनिधित्व हुनुपर्छ ।
- सिटिइभिटिइजस्ता संस्थाहरूमा दलित समुदायको अनिवार्य प्रतिनिधित्व गराउने व्यवस्था गरिनुपर्ने ।

**(ख) स्वास्थ्यका सम्बन्धमा**

**अल्पकालीन नीति**

- दलित समुदायको बालबालिकाहरूलाई लक्षित गरी सन्तुलित खाना, पौष्टिक आहार र सरसफाइबारे जनचेतना अभिवृद्धिका कार्यक्रमहरूलाई अभियानकै रूपमा सञ्चालन गरिनुपर्ने ।
- दलित समुदायको लागि खानेपानी, स्वास्थ्य तथा सरसफाइ प्रबर्द्धन र स्वास्थ्य उपचारमा दलित समुदायको पहुँच अभिवृद्धि हुने खालका कार्यक्रमहरू सञ्चालन गरिनुपर्ने ।
- मातृशिशु मृत्युदर, बाल मृत्युदर घटाउन दलित समुदायमा लक्षित कार्यक्रमहरू सञ्चालन गरिनुपर्छ । त्यसैगरी बालरोग, प्रजनन् स्वास्थ्य, महिलाहरूको पाठेघर खस्ने समस्या, स्तन क्यान्सर र एचआइभी/एड्सजस्ता प्राणघातक रोगहरूबाट प्रभावित दलित महिलाहरूका लागि विशेष स्वास्थ्य कार्यक्रमहरू सञ्चालन गरिनुपर्ने ।
- जिल्ला तथा स्थानीय तहका स्वास्थ्य सेवा प्रदायक संस्थाहरूमा दलित समुदायको प्रतिनिधित्वलाई ग्राह्यता दिइनुपर्ने ।

- गरिबीको रेखामुनि रहेका दलित समुदायलाई निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्ने र महंगो उपचार खर्च लाग्ने रोगको उपचार गर्न आर्थिक सहयोगको व्यवस्था गरिनुपर्ने ।
- सबै स्वास्थ्य संस्थामा दलित मैत्री वातावण बनाइनुपर्ने ।

**दीर्घकालीन नीति**

- दलित समुदायबाट आएका स्वास्थ्य कार्यकर्ता, नर्स, अहेब, डाक्टरलगायतका जनशक्तिको क्षमता अभिवृद्धि गर्न उनीहरूलाई थप शिक्षा, स्तरवृद्धि, तालिममा प्राथमिकता दिइनु पर्ने ।
- स्वास्थ्य क्षेत्रमा उत्पादित दलित समुदायको दक्ष जनशक्तिलाई सहज रोजगारी तथा पेशागत सुरक्षाको सुनिश्चितता गरिनुपर्ने ।

**(ग) दलित समुदायको पक्षमा अख्तियार गरिनुपर्ने कानुनी व्यवस्था**

**कानुनी व्यवस्थाका सम्बन्धमा**

**अल्पकालीन नीति**

- दलित समुदायको पक्षमा राज्यका तर्फबाट गरिएका संवैधानिक व्यवस्थाहरूलाई कानुन बनाएर अविलम्ब कार्यन्वयन गर्न निर्देशन दिनुपर्ने ।
- जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी मुद्दाको किनारा गरिसक्नुपर्ने समयसीमा तोकिनुपर्ने । र, ऐनको प्रभावकारी कार्यन्वयनका लागि अविलम्ब नियमावली ल्याइनुपर्ने ।
- विभिन्न अदालनबाट जातीय भेदभाव तथा छुवाछूतसम्बन्धी मुद्धामा भएका फैसला कार्यन्वयन गर्नका लागि तत्काल अधिकारसम्पन्न कार्यदल गठन गर्नुपर्ने ।
- जातीय विभेद तथा छुवाछुतलाई सरकारले कानुनी रूपमै मानवता विरुद्धको अपराधका रूपमा स्वीकारिसकेको अवस्थामा त्यसको प्रभावकारी कार्यन्वयनका लागि विशेष अभियानहरू सञ्चालन गरिनुपर्ने ।
- जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ मा दण्ड सजायको व्यवस्था फितलो भएको भन्ने सुझाव आएकोले दण्ड सजायको कडा व्यवस्था गरी साक्षी संरक्षणको व्यवस्थासमेत गरिनुपर्ने ।
- जातीय भेदभाव तथा छुवाछुतअन्तर्गतको मुद्धाहरूमा प्रमाणको भार प्रतिवादी उपर हुने गरी कानुनी व्यवस्था गर्नुपर्ने ।
- समाज कल्याण परिषद्मा अनिवार्य दलित प्रतिनिधिको सुनिश्चितता गरिनुपर्ने ।
- सबैतहका अदालतहरुमा जातीय विभेद तथा छुवाछुतका मुद्दाहरु मात्र हेर्ने गरी विशेष इजलाशको व्वस्था गरिनुपर्ने ।
- कानुनी उपचार तथा न्याय प्रक्रिया खर्चिलो हुने गरेकाले त्यसमा दलित समुदायको पहुाचका लागि निःशुल्क कानुनी सेवाको व्यवस्था गरिनुपर्ने ।
- सरकारले हस्ताक्षर गरेका वा अनुमोदन गरेका जातीय भेदभाव, सांस्कृतिक तथा नागरिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि/महासंन्धिहरूलाई अक्षरस पालना गरिनुपर्ने र राष्ट्रिय कानुनहरू सोसँग नबाझिने गरी बनाउनु पर्ने ।

**दीर्घकालीन नीति**

- दलितहरूको कानुन तथा न्याय क्षेत्रमा पहुँच वृद्धि गर्नका लागि विभिन्न विद्यालाय तथा विश्वविद्यालयहरूमा छात्रवृत्तिको कानुनी व्यवस्था गर्नुपर्ने ।
- सार्वजनिक तथा प्रशासनिक क्षेत्रमा दलित समुदायको सहभागिताका लागि अन्य वर्ग, जातजाति तथा समुदायलाईभन्दा विशेष कानुनी व्यवस्था गर्नुपर्ने ।

- राज्यका संरचनाहरूमा दलित समुदायको प्रभावकारी सहभागिता नदेखिएकाले उनीहरूको प्रभावकारी सहभागितालाई सुनिश्चित गर्न नेपाल सरकारले स्पष्ट नीतिगत व्यवस्था गरी त्यसको नियमित अनुगमन गर्नुपर्ने ।
- राज्यले तय गर्ने योजनाहरूमा दलितहरूको शिक्षा, स्वास्थ्य र रोजगारी तथा निर्णय गर्ने तहमा दलितहरूको सहभागिता अनिवार्य गर्ने नीति तथा सोही अनुरूपको कानुन बनाउन निर्देश गर्नैपर्ने ।
- दलित समुदायको पक्षमा काम गरिरहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको नीति, कार्यक्रम तथा योजना निर्माणतहमा दलित समुदायको प्रभावकारी सहभागितालाई बाध्यकारी बनाइनुका साथै लगानीको एकद्वार नीति बनाइनुपर्ने ।
- संवैधानिक रूपमै राज्यका हरेक संयन्त्र, तह तथा निकायमा दलित समुदायको लागि पूर्ण समानुपातिक प्रतिनिधित्वको सुनिश्चितताका साथै अन्य विभिन्न संगठनहरू, संयुक्त राष्ट्रिय दलित संघर्ष समिति, दलित नागरिक आन्दोलनलगायतका आन्दोलनहरुले उठाउँदै आएको थप १० प्रतिशत विशेषाधिकारको मागलाई सम्बोधन गर्न नीतिगत व्यवस्था गरी लागू गरिनुपर्ने ।
- राष्ट्रिय दलित आयोगलाई जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी अनुगमन तथा आवश्यक काम, कारवाहीका लागि अधिकारसम्पन्न अर्धन्यायिक निकायको रूपमा विकास गरिनुका साथै प्रभावकारी ढंगले संरचनात्मक सुधार गरिनुपर्ने ।
- हाल स्थानीय विकास मन्त्रालयअन्तर्गत रहेको उपेक्षित, उत्पीडित तथा दलित उत्थान विकास समितिलाई अधिकारसम्पन्न तथा स्वायत्त राष्ट्रिय दलित विकास परिषद्का रूपमा विकास गरी स्थानीय निकायसम्म सञ्जाल विस्तार गर्न सर्वपक्षीय संयन्त्र निर्माण गरिनुपर्ने ।
- जातीय विभेद र छुवाछुतका घटनाहरूलाई तत्काल सम्बोधन गर्न सरकारी संयन्त्र प्रभावकारी नदेखिएकोले त्यस प्रकारका घटनालाई सम्बोधन गर्नका लागि आवश्यक संयन्त्रको निर्माण गरिनुपर्ने ।
- जल, जमिन र जंगल, स्थानीय सामुदायिक संगठनहरू, विकास निर्माण समितिहरू र अन्य भूमि व्यवस्थापन आयो्ग जस्ता आयोग तथा समितिहरुमा दलित समुदायको अनिवार्य सहभागिताको सुनिश्चितता गरिनुपर्ने ।

**(घ) सञ्चारमाध्यका सम्बन्धमा**

**सरकारी सञ्चारमाध्यममा अबलम्बन गरिनुपर्ने नीतिहरू**

- सरकारी स्वामित्वका सञ्चारमाध्यमहरुः राष्ट्रिय समाचार समिति, गोरखापत्र संस्थान, रेडियो नेपाल र नेपाल टेलिभिजनका लागि एकीकृत छाता ऐन बनाई संस्थागत पुनःसंरचना गरी पूर्ण समावेशी नीति अबलम्बन गरिनु पर्ने ।
- दलित, महिला, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अपांग र अन्य पछाडि पारिएका समुदायका पत्रकारहरूको संख्या र क्षमता अभिवृद्धिका लागि सरकारले विद्यमान सञ्चारनीतिलाई परिमार्जन गरी समावेशी सञ्चार नीति बनाउनु पर्ने ।
- नीजि क्षेत्रका सञ्चार संस्थाहरूले भौतिक संरचना, प्रविधि र जनशक्तिको हिसाबले पनि व्यापक विकास र सुधार गरिसकेको हुनाले यथास्थितिमा नीजि क्षेत्रसँग सरकारी सञ्चार क्षेत्रले प्रतिस्पर्धा गर्न सम्भव नहुने भएकाले सरकारी सञ्चार संस्थाहरूलाई सक्षम र प्रतिस्पर्धी बनाउन उक्त संस्थानमा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न समावेशी कार्यक्रमहरू जनस्तरमा पुर्‍याउन सरकारले प्रयाप्त बजेट विनियोजन गर्नुपर्ने ।
- राष्ट्रिय समाचार समिति, गोरखापत्र संस्थान, रेडियो नेपाल र नेपाल टेलिभिजनमा दलित महिला, अपांग आदिवासी/जनजाति, मुस्लिम एवं अन्य अल्पसंख्यकलाई समेट्ने सम्पादकीय नीति, संस्थागत नीति र योजना स्पष्ट हुनुपर्ने ।

- दलित, महिला, आदिवासी/जनजाति, मधेशी, मुस्लिम र अन्य पछाडि पारिएका समुदायका पत्रकारहरूलाई सरकारी सञ्चारमाध्यमा टिकाई राख्न विशेष आकर्षणका कार्यक्रमहरू ल्याइनुपर्ने ।
- सरकारको समावेशी कार्यक्रम र योजनाहरु जनस्तरमा लैजान राष्ट्रिय समाचार समिति, गोरखापत्र संस्थान, रेडियो नेपाल र नेपाल टेलिभिजनलाई अलग्गै विशेष बजेट विनियोजन गरी सोही शीर्षकमा खर्च गरिनुपर्ने ।
- रेडियो नेपाल र नेपाल टेलिभिजनमा दलितलगायत लक्षित कार्यक्रम गैरसरकारी संस्थाहरुको प्रायोजनमा मात्र हाल सञ्चालन भएको देखिएकाले त्यस्ता कार्यक्रम सरकारी लगानीमै सञ्चालन गरिनुपर्ने नीति अबलम्बन गरिनुपर्ने ।
- जातीयभेदभाव जस्तै सबै प्रकारका भेदभावविरुद्ध सशक्त पत्रकारिता गर्ने क्रियाशील सञ्चारकर्मीहरुलाई हरेक वर्ष पुरस्कृत गर्ने नीति अबलम्बन गरिनुपर्ने ।

**(ङ) नीजि क्षेत्रका सञ्चारमाध्यमहरुका लागि**

- नीजि स्वामित्वका सञ्चारमाध्यमहरुलाई समावेशी बनाउने नीति अबलम्बन गरिनुपर्ने ।
- प्रेस काउन्सिलद्वारा पत्रपत्रिका र विद्युतीय सञ्चारमाध्यमहरुको मूल्यांकन गर्दा जातीय विभेद, लैङगिक विभेद र अन्य प्रकारका विभेद विरुद्ध उठाइएका मुद्दा र जनशक्तिको समावेशी स्वरुपलाई मूल्यांकन तथा वर्गीकरणको मापदण्डमा प्राथमिकता दिइनुपर्ने ।

**(च) दलित समुदायको लागि अख्तियार गरिनुपर्ने प्रस्तावित नीतिगत व्यवस्थाहरू**

**अल्पकालीन नीति**

- २०५२ सालमा गृह मन्त्रालयबाट दलित समुदायलाई थर तथा गोत्रका आधारमा नागरिकता प्रदान गर्न ७५ वटै जिल्लामा परिपत्र गरिए तापनि त्यसको कार्यान्वयनमा अझै पनि समस्या देखिएकाले सरल र सहज रूपमा थर तथा गोत्रका आधारमा नागरिकता वितरण कार्य अविलम्व थालिनु पर्ने ।
- न्यायिक प्रक्रियामा दलित समुदायको न्यून पहुँच देखिएकाले राज्यको सबैतहका न्यायीक तथा कानुनी संयन्त्रहरूमा जातीय भेदभाव तथा छुवाछुत अपराधका मुद्दा हेर्ने विशेष इजलास केन्दको स्थापना गरी न्यायीक प्रक्रियालाई सर्वसुलभ गराउन आवश्यक नीति तय गरिनुपर्ने ।
- राज्यद्धारा स्वीकृत तथा निजी लगानीमा सञ्चालित हुने सम्पूर्ण वित्तीय संघसंस्था, उद्यौग तथा कलकारखानाहरूमा दलितहरूको सहभागिता अभिवृद्धि गर्ने नीति बनाउन निर्देश गर्ने ।
- जातीय भेदभाव तथा छुवाछुत समस्याको समूल अन्त्यका लागि राज्यले राष्ट्रिय अभियानकै रूपमा समय घोषणा गरी केन्द्र, राज्यदेखि स्थानीयतहसम्म सामाजिक अन्तरघुलन, सशक्तीकरण र जनजागरणका कार्यक्रमहरू तत्काल सञ्चालन गरिनुपर्ने ।
- मुलुक राजनीतिक संक्रमणमा रहेकाले राज्यको पुनःसंरचनापछि राष्ट्रिय दलित आयोग र राष्ट्रिय दलित उत्थान परिषद् अधिकारसम्पन्न अर्धन्यायिक निकायको रूपमा विकास नहुँदासम्म राज्यको केन्द्रदेखि स्थानीयतहसम्म छुवाछुत अपराध निगरानी केन्द्रको स्थापना गरिनुपर्ने ।
- जातीय भेदभावको समूल नष्ट गर्न जातीय भेदभाव तथा छुवाछुत (कसूर सजाय) ऐन, २०६८ व्यवस्थापिका संसदबाट सर्वसम्मतीबाट पारित गरेको दिन हरेक वर्ष जेठ १० गतेलाई छुवाछुत मुक्ति दिवस अथवा राष्ट्रिय जागरण दिवसको रूपमा राज्यले नै विशेष कार्यक्रकमका साथ मनाइनु पर्ने ।
- जातीय भेदभाव तथा छुवाछुतका अपराधको जाहेरी लिन आलटाल, अटेर र इन्कार गर्ने पदाधिकारीलाई सरकारले विभागीय कारवाही गर्नु पर्ने ।
- नेपाल सरकारले दलित समुदायलाई लक्षित गरी सञ्चालन गरेका लक्षित कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन नभएको देखिएकाले राष्ट्रिय योजना आयोगले हरेक वर्ष योजना तय गर्दा दलित समुदायका सरोकारवालाहरूलाई राखेर योजना बनाउने नीति तय गरिनुपर्ने ।

- गरिबी र अशिक्षाका कारण दलित समुदायका युवाहरू वैदेशिक रोजगारमा गई अत्यन्त न्यून पारिश्रमिकमा काम गर्न बाध्य भएको देखिएकाले उनीहरूको दक्षता तथा क्षमता अभिवृद्धि गरी राम्रो गन्तव्य भएका मुलुकमा दलित समुदायको लागि विशेष कोटा तथा सहुलियत व्याजदरमा ऋणको व्यवस्था गरिनुपर्ने ।
- जातीय भेदभाव छुवाछुत अनुगमनका लागि संसदमै एक संसदीय विशेष समिति गठन गरिनुपर्ने, सो गठन नहुँदासम्म महिला बालबालिका र समाज कल्याण समितिअन्तर्गत जातीय भेदभाव अनुगमन उप-समिति गठन गरी नियमित कार्यसञ्चालन गरिनुपर्ने ।
- अशिक्षा, गरिबी, सामाजिक तथा सांस्कृतिक हिसावले दलित समुदाय वातावरणीय तथा भौतिक संरचनाका हिसाबले समेत जोखिमयुक्त स्थानमा बसोवास गर्न बाध्यभएको देखिएकाले जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम व्यवस्थापन र खाद्य सुरक्षाका कार्यक्रमहरूमा उनीहरूको समानुपातिक सहभागिताका लागि सुनिश्चित गर्नका लागि विशेष जनचेतनामूलक तथा पैरवी अभियानहरूको सञ्चालन गरिनुपर्ने ।
- दलित समुदायको युवाहरूमा स्वरोजगारको अवसर सिर्जना गर्नका लागि दलित समुदायले समूहगत रूपमा सञ्चालन गर्ने सहकारी प्रतिष्ठानहरू जस्तैः यातायात, दुग्ध उत्पादक समूह, सामुदायिक पशुपालन, घरेलु उद्योग, जडीबुटी उद्योगलगायतका अन्य व्यवसायहरुमा सरकारले सहुलियत कर्जा र विशेष कर छुटको व्यवस्था गरिनुपर्ने ।
- हाल दलित समुदायलाई लक्षित गरी सरकारले सञ्चालनमा ल्याएको जनता आवास कार्यक्रम प्रभावकारी नदेखिएकाले यसलाई व्यवस्थित र प्रभावकारी बनाउन भूमिहीन दलित समुदायको प्रत्यक्ष सहभागितामा देशव्यापी रूपमा कार्यक्रम सञ्चालन गरिनुपर्ने ।
- दलित समुदायमा पनि अत्यन्तै कठिन अवस्थामा बाँचिरहेका तराई दलित, दलित महिला, फरक किसिमले सक्षम (अपांग) बालबालिका र वृद्धवृद्धाहरूलाई लक्षित गरी सरकारले सामाजिक सुरक्षाका विशेष नीति र कार्यक्रमहरू लागू गर्नुपर्ने ।
- संयुक्त राजनीतिक दलित राष्ट्रिय संघर्ष समिति र नेपाल सरकारका बीचमा २०६८ पौष १४ गते भएको सम्झौता बमोजिम गठन हुनुपर्ने उच्चस्तरीय जातीय भेदभाव अनुगमन समितिको तत्काल स्थापना गरी प्रभावकारी र द्रुत कार्यन्यवन गर्न सक्नेगरी संरचनागत विकास गरिनुपर्ने ।
- नेपाल सरकारले संयुक्त राष्टसंघ महासभामा हरेक २ वर्षमा पेश गर्ने जातीय भेदभावसम्बन्धी प्रतिवेदन यथार्थपरक हुन नसकोकोले नेपालमा जातीय भेदभावको वास्तविक अवस्थाका बारे राष्ट्रिय दलित आयोगसँगको समन्वयमा अध्यावधिक गरी तयार गर्नुपर्ने ।
- वि.सं २०६२ सालमा (तत्कालीन शाही शासन काल) प्रहरीको गोली प्रहारद्वारा मारिएका राष्ट्रिय मानव अधिकार आयोग, जनकपुरमा कार्यरत मानव अधिकार अभियन्ता दयाराम परियारलाई शहीद घोषणा गरी निजका परिवारलाई राहत तथा क्षतिपूर्ति दिन राष्ट्रिय मानव अधिकार आयोगले सिफारिस गरिसकेको अवस्थामा पनि सो कार्यान्वयन नभएकोले २०६२/०६३ का अन्य शहीदहरुसरह नै दयाराम परियारलाई पनि शहीद घोषणा गरी परिवारलाई राहत तथा आर्थिक सहायता उपलब्ध गराउनुपर्ने ।
- बर्दिया राष्ट्रिय निकुञ्जको बाँसपानी क्षेत्रमा वि.सं. २०६६ फागुन २६ गते काउलो काट्न जाँदा नेपाली सेनाद्वारा चोरीशिकारीको आरोपमा मारिएका निर्दोष दलित महिलाहरुः देवीसरा विक, अमृता विक र चन्द्रकला विकको परिवारलाई राहत सहयोग उपलब्ध गराउन र दोषी सेनाका पदाधिकारीहरुलाई कानुनबमोजिम कारवाही गर्न संसदको महिला बालबालिका तथा समाजकल्याण समिति, राष्ट्रिय मानवअधिकार आयोग र दलित सभासदमञ्चलगायतले सरकारलाई सिफारिस र माग गरेको भएपनि दलित समुदाय भएकै कारण हालसम्म कारवाही नभएको भनने गुनासो आएकाले

यसबारेमा अविलम्ब कारवाही अघि बढाउन प्रधानमन्त्री एवं मन्त्री परिषद्को कार्यालय र गृहमन्त्रालयद्वारा अविलम्ब कारवाही प्रक्रिया अघि बढाउनुपर्ने ।

- ललितपुरको गोदावरी गाविस-९ निवासी ४६ वर्षीय सानु सुनारलाई २०६७ जेठ १० गते प्रहरीले नियन्त्रणमा लिएको र प्रहरीको कुटपीठबाट जेठ १२ गते महानगरीय प्रहरी प्रभाग कालीमाटीमा निज सानु सुनारको ज्यान गएकोमा दोषी प्रहरी अधिकृतलाई कारवाही र मृतकका परिवारलाई क्षतिपूर्ति राहत हालसम्म पनि उपलब्ध नगराइएकाले यसमा सरकारको गम्भीर ध्यानाकर्षण हुनुपर्ने ।

**दीर्घकालीन नीति**

- सरकारले तय गर्ने नीति तथा कार्यक्रमहरूमा दलितहरूको मूलप्रवाहीकरणका लागि वार्षिक रुपमा प्रयाप्त बजेट विनियोजन गरी विकासकार्य अघि बढाउन निर्देश गर्ने ।
- दलित समुदायका परम्परागत ज्ञान र सीप र व्यवसायहरू संकटमा पर्दै गएकाले त्यस्ता ज्ञान तथा सीपको संरक्षण, विकास, आधुनीकीकरण तथा बजारीकरणका लागि सरकारबाट केन्द्रीय तहमै एक परम्परागत कला व्यवसाय प्रबर्द्धन बोर्डको संरचना गठन गरिनुपर्ने ।
- नेपालको सामाजिक विकासका क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी तथा दातृ निकायले दलित समुदायका लागि १० प्रतिशत प्रत्यक्ष लगानी गर्नुपर्ने व्वस्थाका लागि सरकारले आवश्यक कानुनी व्यवस्था गर्नुपर्ने ।
- सरकारको समावेशी नीतिलाई नीजि क्षेत्रका उद्योग प्रतिष्ठानमा समेत लागू गरिनुपर्ने ।
- विभिन्न ऐतिहासिक राजनीतिक परिवर्तनका आन्दोलनहरू: २००७ सालको प्रजातन्त्रिक आन्दोलन, ०४६ सालको आन्दोलन, दश वर्षे माओवादी जनयुद्ध, ०६२/०६३ को जनआन्दोलन, मधेश आन्दोलन र अन्य सामाजिक न्यायका पक्षमा भएका आन्दोलनमा सहादत प्राप्त गर्ने सहिद परिवारको उचित सम्मान गर्दै  आवश्यक राहतका कार्यक्रमहरू सञ्चालन गर्नुका साथै एक छुट्टै कार्यदल बनाई अभिलेखीकरण गरिनुपर्ने ।
- सरकारले वादी विकास समिति गठन गरिसकेको भए तापनि बाध्यात्मक यौनपेशा अंगाल्न बादी समुदायको महिलाहरूको अझै पुनःस्थापना हुन सकेको छैन । यसका लागि सरकारले विषेश पुनःस्थापनाका कार्यक्रमहरू तत्काल सञ्चालन गर्नुपर्ने ।

## ९. उप-समितिको अध्ययन, अनुगमन र छलफलबाट तत्काल प्राप्त भएका उपलब्धिहरू

- चालू वर्षमा रोकिएको अन्तरजातीय विवाह अनुदान रकमलाई नेपाल सरकारसँग समन्वय गरी निरन्तरता दिने प्रक्रिया सुरु भएको छ ।
- जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ को प्रभावकारी कार्यान्वयनका लागि विषेश भूमिका निर्वाह गरेको ।
- यस उप-समितिको संयोजकत्वमा अनुगमन गरिएका सबै छुवाछुत तथा जातीय भेदभावका घटना उपर अध्ययन गरी सत्यतथ्य बाहिर ल्याउनुका साथै त्यसउपर आवश्यक कारबाहीका लागि सरकारको ध्यानाकर्षण गरिएको छ ।
- सञ्चारमाध्यमहरूले यस अवधिमा दलित समुदायको मुद्दाहरूलाई प्राथमिकताका साथ  उठाएको पाइयो ।

## १० . समितिले प्रत्यक्ष अनुगमन गरेका घटनाहरू :

जातीय विभेदका कारण देशका विभिन्न स्थानमा भएका घटनाहरूमध्ये उपसमितिले स्थलगत भ्रमण मार्फत् अध्ययन गरेका केही प्रतिनिधिमूलक घटना विवरण :

**दैलेखका सेते दमाईएको हत्या प्रकरण :** दैलेख जिल्ला तोली गा.वि.स. वडा नं २, धनीगाउँ निवासी सन्तबहादुर दमाई र सोही स्थान बस्ने राजकुमारी शाहीबीच प्रेम सम्वन्ध कायम भई दुवैले आपसी

समझदारीमा प्रेम विवाह गरेको निहुँमा केटी राजकुमारी शाहीका माइती पक्षले मिति २०६८।५।१४ गते सन्तबहादुर दमाईका बाबु सेते दमाईलाई सांघातिक आक्रमण गरेपछि उपचार गर्न मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल सुर्खेतमा लगिएकोमा उपचारको क्रममा नै निजको मृत्यु भएको थियो । सेते दमाईको मृत्यू पछि स्थानीय दलित संघ संस्थाहरूले न्यायका लागि आवाज उठाएपनि नेपाल सरकार र स्थानीय प्रशासनबाट पीडित परिवारलाई राहत एवं न्याय दिलाउनका लागि न्यायोचित कदम चाल्न सकेको देखिएन । दैलेखमा भएको यो घटनालाई संसदीय टोलीले अत्यन्तै दु:खद र गम्भीर घटनाका रूपमा लिएको छ । सेते दमाइको हत्या जातीय कारणबाट नै भएको देखिन्छ । उपसमितिले अध्ययन पश्चात् पीडित सेते दमाईको परिवारलाई दशलाख क्षतिपूर्ति र विवाहित जोडीलाई अन्तरजातीय विवाह प्रोत्साहन रकम तत्काल उपलब्ध गराउन सरकारलाई निर्देशन दिएको छ ।

**कालिकोट जुविथाका मनवीरे सुनार हत्या प्रकरण :** कालिकोट जिल्लाको जुविथा गा.वि.स. वडा. नं ९ मा मनवीरे सुनारको हत्या हुनेगरी भएको घटनाको पृष्ठभूमीलाई अध्ययन गर्दा घटना जातीय भेदभावकै कारणले उत्पन्न विवादले हुन पुगेको देखिन्छ । मिति २०६८।८।२४ गते बेलुका कालिकोट जुविथा-९ मा रहेको जसबहादुर शाहीको घरमा दीप वहादुर शाही, भीमबहादुर शाही र जसवहादुर शाहीले दिउँसो घर छाएको कामवाट थकित भई मदिरा सेवन गरेर वसिरहेका थिए । सोही समयमा मृतक मनवीरे त्यहाँ आइपुगी चुरोट सल्काउन आगो माग्दा विवाद उत्पन्न भई घटना भएको थियो । निजहरुको कुटाइबाट गम्भीर घाइते भएका मनवीरेलाई उपचारको क्रममा सदरमुकाम मान्म ल्याइपुगे पश्चात् मिति २०६८।८।२६ गते राति करिब १:०० बजे निजको मृत्यू भएको थियो ।

संसदीय टोलीले कालिकोट स्थित राजनैतिक दलका प्रतिनिधिहरू, दलित संघ संस्था, संचारकर्मी, मानवअधिकारकर्मी एवं मृतकका आफन्तजनहरू एवं जिल्लाका प्रशासकहरूसंग छलफल गर्दा मनवीरको हत्या जातीय हेला होचोको कारण भएको देखिएको छ । घटनाका सम्बन्धमा अध्ययन गर्दा नेपाल सरकारका तर्फबाट मृतकका परिवारलाई राहत एवं क्षतिपूर्ति दिने एवं दोषीहरूलाई कानुन सम्मत कारवाही गर्ने निर्णय भईसकेको अवस्था छ । यस्ता घटना पुनः नदोहोरिउन भन्नका लागि संसदीय टोलीले घटनालाई अत्यन्तै गम्भिरताका साथ लिएर पीडितका आफन्तजन एवं थुनामा रहेका अभियुक्तहरूसंग समेत भेटी घटनाको वास्तविकतालाई उजागर गरेको थियो ।

**कर्णवहादुर नेपालीमाथि भएको दुर्वव्यहार :** कास्की जिल्ला घान्द्रुक गा.वि.स. वडा नं ३ मा कर्णवहादुर नेपालीको प्रयासमा गोरखा वेलफेयर सेन्टरको लगानीमा सम्पन्न भएको खानेपानी आयोजना उद्घाटनका अवसरमा मिति २०६८ कार्तिक ३० गते आयोजना गरिने जलपान कार्यक्रमलाई दलित र गैरदलित बीचको सहभोजको रूपमा अगाडी बढाउन शिक्षक नेपालीले गरेको प्रस्तावलाई उपभोक्ता समितिका अध्यक्ष यम वहादुर गुरूङ्ग सहितका व्यक्तिहरूले दलितसंग सहभोज हुन सक्दैन भनि अस्वीकार गरेका थिए । सोही विषयलाई विवादको विषय वनाई यमवहादुर गुरूङ्ग, किसन गुरूङ्ग लगायतका व्यक्तिहरूले योजनावद्ध रूपमा शिक्षक नेपाली माथि आक्रमण गरेका थिए । स्थानीय व्यक्तिहरूको विरोधका बीचपनि यमवहादुर गुरुङ्ग लगायतका व्यक्तिहरूले अन्नपूर्ण संरक्षण कोषको कार्यालयमै भेला बोलाई शिक्षक नेपाली सहितका दलितमाथि आक्रमण गरेको देखिन्छ । यो घटनाको संसदीय समितिले स्थलगत भ्रमण मार्फत अध्ययन गरेको थियो । शिक्षक नेपालीमाथि स्थानीय गुरूङ्ग समुदायले कालो मोसो दल्नुका साथै महिलाले प्रयोग गर्ने समिज लगाईदिई दलित भनि दुर्वव्यहार गरी गाउँबाट विस्थापित गराएका थिए । समितिले यस घटनाको सत्यतथ्य अध्ययन गरी पीडितलाई न्याय दिलाउन सफल भएको थियो ।

**शिवशंकर दासको मृत्यु प्रकरण:** सप्तरी जिल्लाको पन्सेरा गा.वि. स वडा. नं ३ निवासी राजकुमार दासको २१ वर्षिय छोरा शिवशंकर दासको स्थानीय सिता चौधरीसंग प्रेम सम्वन्ध चलेको विषयमा विवाद भई गत २०६८ माघ १६ गते निजको विष सेवन गराई हत्या गरिएको भन्ने सम्वन्धमा समितिका तर्फवाट स्थलगत अध्ययन एवं पीडित परिवारसँग भेटघाट र छलफल गरिएको थियो । सो घटनाको प्रकृति हेर्दा घटना नियोजित र जातीय भेदभावका कारणले भएको पाईयो ।

२०६८।१०।१६ गते शिवशंकर दास आफ्ना भान्जा श्यामसुन्दर दाससंग स्थानीय जनता मा.वि.को मैदानमा बल खेलेर बसिरहेको अवस्थामा सीता चौधरीका आफन्तहरूले वोलाई कुटपिट गर्नुका साथै विष पनि

खुवाएको कुरा मृतकले मृत्यु हुनुपूर्व परिवारलाई बताएका थिए । सोही राति निजलाई उपचारार्थ लाहान स्थित सप्तऋषि नर्सिङ होममा पुऱ्याई प्रारम्भिक उपचारपछि थप उपचारका लागि धरान लगेकोमा उपचारकै क्रममा २०६८।१०।१८ गते राती धरान स्थित वि.पि.कोइराला स्थास्थ्य विज्ञान प्रतिष्ठानमा निजको मृत्यु भएको थियो । शिवशंकर दासको मृत्यु भए पश्चात इ.प्र.का. धरानमा शिवशंकरले आफैले विष खाई मरेको हो भन्ने व्यहोराको निजका वावु राजकुमार दासको जाहेरी दर्ता गरिएको थियो । पछि मृतकका बाबुले किटानी जाहेरी सहित दिएको उजुरी ई.प्र.का. कल्याणपुरले दर्ता गर्न नमानेको देखिन्छ । जाहेरीमा संलग्न केही व्यक्तिहरूको नाम झिकेपछिमात्र जाहेरी दर्ता गर्छौं भनी इ.प्र.का. कल्याणपुरका प्रहरी नीरिक्षक प्रधुम्न अधिकारीले भनेका थिए भनी मृतकका परिवारले टोली समक्ष बताएका छन् । उजुरी दर्ता गर्न नमानेपछि हुलाक मार्फत उजुरी पठाईएकोमा २०६८ चैत्र १ गते हुलाक मार्फत प्राप्त उजुरी त्यसको सनाखत भएपश्चात चैत्र ५ गते दर्ता गरिएको थियो । यस घटनालाई पनि समितिले जोडदार रूपमा उठाई पीडकलाई हदैसम्मको कारवाहीका लागि सरकारलाई सिफारिस गरेको छ ।

**मुसहर समुदायको सुकुम्बासी बस्ती अनुगमन :** सिरहा जिल्लाको ढोढना गाविस-३, मेनहरवामा रहेको मुसहर समुदायको सुकुम्वासी वस्तीको अवस्था र समस्याका बारेमा समितिले अध्ययन गरेको थियो । प्राप्त तथ्य तथा जानकारीहरूका आधारमा विगत ३।४ पुस्तादेखि नै मुसहर समुदाय ढोढना-३ मा रहेको ऐलानी जग्गामा वस्दै आएका, २०५८ सालमा स्थानीय जमिनदारले जग्गा उपलब्ध गराइदिने आश्वासन दिई त्यस स्थानवाट वस्ती हटाई आफ्नो नाममा जग्गाको लालपूर्जा लिएको देखियो । त्यसपछि मुसहर समुदाय उक्त स्थानबाट विस्थापित भई स्थानीय राजदेवी सामुदायिक वनको जंगल क्षेत्रमा घर वनाई वसेका छन् । पटक पटक वन कार्यालय, उपभोक्ता समिति र विभिन्न व्यक्तिको नामबाट वस्ती खाली गराउने चेतावनी दिइएको छ । अत्यन्तै नाजुक आर्थिक अवस्थाको उक्त समुदायका व्यक्तिहरूको नाममा अन्यत्र कतै पनि जग्गा नभएको र दैनिक मजदुरी गरेर जिविकोपार्जन गर्ने गरेको देखिन्छ ।

समितिले उक्त वस्तीको अध्ययन गरी सरकारलाई विना विकल्प कुनै पनि बहानामा उनीहरूलाई उक्त स्थानबाट हटाउन नहुने, गरिबी र अशिक्षाका कारण अत्यन्तै पीछडिएको समुदाय भएकोले उनीहरूका लागि जनचेतनामूलक कार्यक्रमका साथै रोजगारीका अवसरहरूको सिर्जना गरिनुपर्ने, उनीहरूको नाममा जग्गाको लालपूर्जा उपलब्ध गराइदिनु पर्ने, वन क्षेत्रको संरक्षणमा समेत योगदान पुऱ्याएका उक्त समुदायको लागि वन मन्त्रालय मार्फत समेत विभिन्न विकासका कार्यक्रमहरू लैजानुपर्ने निर्देशन दिइसकेको छ ।

**जनता आवास कार्यक्रम :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को खण्ड (ज) र (झ) ले शिक्षा, स्वास्थ्य, आवास, रोजगार र खाद्य सम्प्रभुतामा सबै नागकिरको अधिकार स्थापित गर्ने र आर्थिक सामाजिक रूपले पछाडी परेका वर्गलाई जग्गालगायत आर्थिक, सामाजिक, सुरक्षाको व्यवस्था गर्ने राज्यको दायित्व हुने उल्लेख गरेको छ । नेपाल सरकारले आर्थिक वर्ष २०६६/६७ को बजेट तथा कार्यक्रममा जनता आवास कार्यक्रम मार्फत् सिरहा, सप्तरी, तथा कविलवस्तु जिल्लाका डोम, मुसहर, चमार, दोसाध, खत्वे अन्य दलितहरू र विपन्न मुसलमानहरूलाई लक्षित गरी प्रत्येक जिल्लामा एक एक हजार गरी तीन हजार परिवारलाई न्यून लागतका आधुनिक आवास निर्माण गरी बसोवासको व्यवस्था गर्ने उल्लेख गरेको र आर्थिक वर्ष २०६७/०६८ को बजेट बक्तव्यमा पनि उक्त कार्यक्रमलाई निरन्तरता दिँदै बादी, गन्धर्व, चेपांग, राउटे, तथा कुसुण्डाका लागि पनि यो कार्यक्रम विस्तार गर्ने उल्लेख गरेको थियो । उपसमितिले यस कार्यक्रमको पनि अध्ययन गरेको थियो । जसअनुसार आ.व. २०६७/०६८ को विवरण देहायबमोजिम रहेको छ :

| जिल्ला | लभग्राहीहरूको कूल संख्या | कैफियत |
|---|---|---|
| सप्तरी | ३४७ | |
| सिराहा | ४१६ | |
| कपिलवस्तु | ४७४ | |
| मकवनपुर | १९९ | |

| | | |
|---|---|---|
| धाधिङ | १०० | |
| दाङ | २८ | |
| रोल्पा | १ | |
| प्यूठान | ३ | |
| गोरखा | १ | |
| डडेल्धुरा | ७० | |
| चितवन | २९९ | |
| दोलखा | ५ | १० वटा निवेदन परेको |
| तनहुँ | | |
| कास्की | | ४ घर गारो र छाना लाएको, ९ घर गारो लाएको |
| अर्घाखाँची | | |
| गुल्मी | | १५ लाभग्राही छनोटमा परेका |
| सुर्खेत | | |
| जाजरकोट | | |
| दैलेख | | |
| बाँके | | |
| बर्दिया | | |
| कैलाली | | ९६ निवेदन परेका |

**नेपाल पत्रकार महासंघको समावेशी स्वरुपबारे बारे अध्ययन** :
नेपाल पत्रकार महासंघ आमसञ्चारकर्मीहरुको छाता संगठन हो । नेपालको लोकतान्त्रिक आन्दोलनमा अग्रणी भूमिका निर्वाह गर्न सफल, समावेशी लाकतन्त्रको आदर्श सन्देश प्रवाह गर्ने नेपाली सञ्चारकर्मीहरुको छाता संस्था आफैमा पूर्ण समावेशी हुन सकेको छैन । महासंघले पछिल्लो चरणमा विधान संशोधन गरी महिला, दलित, आदिवासी, जनजाती, मधेशी समुदायको लागि कोटा निर्धारण गरे तापनि किटान गरिएका कोटाबाहेक अन्य पदमा लक्षित वर्ग निर्वाचित भएर आउने अवस्था विरलै देखिन्छ । खुल्ला प्रतिस्पर्धाबाट पनि लक्षित वर्ग निर्वाचित हुने अवस्था सिर्जना गरिएन भने आरक्षण व्यवस्थाको सकारात्मक सन्देश जान सक्दैन । नेपाली संञ्चार संस्थाहरुलाई लोकतान्त्रिक, समावेशी र परिवर्तित मान्यता बमोजिम विकास गर्दै लैजानुपर्छ । पुनर्संरचनाको बहसमा पत्रकार महासंघलाई पनि उपसमितिले नमूना संस्थाको रुपमा अधययन गरेको थियो ।
**नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यसमितिको समावेशी स्वरुप :**

| **वर्ग** | **संख्या** |
|---|---|
| खस-क्षेत्री | १९ |
| जनजाती | ६ |
| दलित | २ |
| महिला | ४ |
| अपांग | |
| जम्मा | ३२ जना |

**सरकारी सञ्चार माध्यमको अवस्था :** सरकारी सञ्चारमाध्यमः राष्ट्रिय समाचार समिति, गोरखापत्र संस्थान, रेडियो नेपाल र नेपाल टेलिभिजनमा उपसमितिले स्थलगत भ्रमण गरी तहाँका पदाधिकारीहरु तथा प्रतिनिधिहरुसँग छलफल तथा अर्न्तक्रिया गऱ्यो । सरकारी सञ्चारमाध्यमको समावेशी स्वरूप अन्तर्गत दलित, महिला, आदीवासी जनजाति, मधेसी समुदायको भौतिक सहभागीता एवं नीतिगत सवालहरुमा केन्द्रित रहेर

छलफल गरिएको थियो । स्थलगत अध्ययन तथा अवलोकनको क्रममा उल्लेखित संस्थाहरुमा जनशक्तिको समावेशी स्वरुप र त्यहाँका कार्यक्रमहरुमा समावेशी मुद्दाहरुको प्राथमिकता अत्यन्तै कमजोर रहेको पाइयो । पुरानो इतिहास बोकेका सञ्चार संस्थाहरूको कार्यशैली पनि पुरानै भएको पाइयो । दलित, महिला, मधेसी, अपांग र आदीवासी जनजातिका सवालमा कुनै पनि संस्थामा व्यवस्थापन एवं सम्पादकीय नीति निर्माण गरेको पाइएन । राज्यपुनर्संचनाको यति धेरै बहस चलिरहेको बेलामा सरकारले सरकारी सञ्चारमाध्यमको पुनर्संचनाको बारेमा प्रयाप्त ध्यान नदिएको देखियो ।

**सरकारी सञ्चारमाध्यममा जनशक्तिको समावेशी विवरण :**

| सञ्चार संस्था | महिला | आदिवासी/जनजाती | मधेशी | दलित | अपांग | कैफियत |
|---|---|---|---|---|---|---|
| राष्ट्रिय समाचार समिति | ३२ | ३० | २४ | १४ | | |
| गेरखापत्र संस्थान | | | | | | उपलब्ध तथ्याङ्कमा समावेशी विवरण नखुलाइएको |
| रेडियो नेपाल | ८५ | १३२ | ६९ | १६ | ६ | |
| नेपाल टेलिभिजन | ४९ | ८० | ४८ | ६ | १ | |

**जातीय भेदभाव तथा छुवाछुतसम्बन्धमा जिल्ला, पुनरावेदन तथा सर्वोच्च अदालतबाट भएका फैसलाहरूको सन्दर्भ सामग्रीको रुपमा अध्ययन :**

**हेटौंडा घटना अध्ययन :** पुनरावेदन अदालत हेटौडाले जातीय छुवाछुत मुद्धाका चार अभियुक्तलाई दोषि ठहर गरे पनि सजाय भने उनीहरूको व्यवहारमा निर्भर हुने फैसला सुनाएको छ । हेटौडा नगरपालिका-७ बस्ने सुभद्रा परियार, सुकुमाया स्याङतानले जातिय विभेदपुर्ण छुवाछुत व्यवहार गरेको ठहर गर्दै जनही एक हजार रूपैंया जरिवाना गर्ने निर्णय गरेको थियो । यस घटनासम्बन्धमा पनि उपसमितिले सन्दर्भ सामग्रीको रुपमा अध्ययन गरेको थियो ।

**जिल्ला अदालत दैलेखको फैसला :** दैलेख जिल्ला अदालतले अन्तरजातीय विवाह गरेका जोडीको सम्बन्ध टुटाउने ६ जनालाई जनहि ५ हजार रुपैया जरिवाना सहित ८ महिना जेल सजाय तोकेको छ । जगनाथ गाविस-६ का अमृत विक र सरिता शाही बीचको विवाहलाई टुटाई केटीका आफन्तहरुले उनको विवाह सजातीय केटासँग गराएको घटनाका सम्बन्धमा परेको मुद्दामा जिल्ला न्यायधिश नारायणप्रसाद धितालको इजलासले मिति २०६८।८।१४ गते यस्तो सजाय तोकेको थियो । यस घटनाको सम्बन्धमा पनि उपसमितिले सन्दर्भ सामग्रीको रुपमा अध्ययन गरेको थियो ।

अन्तरर्जातीय विवाह गरेकै विषयलाई लिएर माइती पक्षले केटाका अभिभावकबाट २ खसी र ६० हजार जरिवाना असुलेका थिए । सोही विषयलाई लिएर दलित संघसंस्थाको अगुवाईबाट ०६६ असोज २४ गते जिल्ला अदालत दैलेखले ६ जना जनाविरुद्ध अमृत विकले मुद्धा दर्ता गरेका थिए ।

**जातीय भेदभाव तथा छुवाछुतसम्बन्धमा जिल्ला, पुनरावेदन तथा सर्वोच्च अदालतबाट भएका फैसलाहरू**

विभिन्न जिल्लाहरूबाट जातीय भेदभाव तथा छुवाछुतसम्बन्धमा मिति २०५२/४/३० देखि ०६५/९/२७ सम्म २८ वटा मुद्दाहरूमा भएका फैसलामा पाइएका विवरणहरू :

- सजाय हुनेगरी गरेका मुद्दाहरू १४
- मिलापत्र भएका मुद्दाहरू ६
- वादी दावी नपुग्ने गरी फैसला भएका मुद्दाहरू ६
- खारेज (डिसमिस) भएका मुद्दाहरू २

जम्मा २८

विभिन्न पुनरावेदन अदालतहरूबाट जातीय भेदभाव तथा छुवाछुतसम्बन्धमा मिति २०५३/२/२ देखि ०५४/५/१६ सम्मका दुईवटा मुद्दाहरूमा भएका फैसलामा पाइएका विवरणहरू :

- भेदभाव ठहरी भएको फैसला १
- भेदभाव नहुनेगरी भएका फैसला १

जम्मा २

सर्वोच्च अदालतबाट जातीयभेदभाव तथा छुवाछुतसम्बन्धमा २०४९/१२/१४ देखि ०६४/१२/१४ सम्म २३ वटा मुद्दामा भएका फैसलामा पाइएका विवरणहरू :

- जातीय भेदभाव तथा छुवाछुतका पक्षमा निर्देशनात्मक आदेश जारी भएका मुद्दा संख्या १६
- जातीय भेदभाव तथा छुवाछुतका पक्षमा निर्देशनात्मक आदेश जारी नभएका मुद्दा ७

जम्मा २३

**निष्कर्ष :**

शदियौदेखि समाजमा व्याप्त जातीय भेदभाव र छुवाछुतको समस्या अहिलेको आधुनिक समाजमा पनि कायमै रहेको छ । सरकारबाट छुवाछुत मुक्त राष्ट्र घोषणा भईसकेको अवस्थामा समेत यसको समाधानका लागि आर्थिक,सामाजिक, सांस्कृतिकलगायतका क्षेत्रहरूमा परिवर्तनकारी नीति निर्माण गर्नेतर्फ खासै उल्लेखिनीय कदम र कार्यक्रमहरू सञ्चालन गरेको पाइँदैन । सरकारको नीतिमा यस्ता समस्या समाधानका लागि विभिन्न कार्यक्रमहरू संचालन गर्ने कुरा उल्लेख भएको भएतापनि यस्ता कार्यक्रमहरूको कार्यान्वयनको अवस्था प्रभावकारी हुन नसकेको र त्यसले लक्षित वर्गमा खासै सकारात्मक प्रभाव पारेको पाईदैन । अतः सरकारको तर्फवाट स्पष्ट नीति र कार्यक्रमका साथ आफ्ना योजनाहरू लक्षित वर्गको समग्र उत्थान र विकासका लागि मात्र हुनेगरी प्रभावकारी अनुगमन संयन्त्र समेत निर्माण गरी कार्यान्वयन गर्नु जरूरी छ ।

जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ पारित भै लागू भैसकेको अवस्थामा पनि उप-समितिको स्थलगत भ्रमणको क्रममा कतिपय जिल्लाका जिम्मेवार सरकारी निकायका प्रमुखहरूलाई समेत यस सम्वन्धमा जानकारी नभएको पाईयो । यसमा सरकारको सूचना संयन्त्र दरिलो र प्रभावकारी नहुनु र साथसाथै व्यक्तिगत रूपमा यस मुद्दा प्रतिको अरूची नै यस विषयप्रतिको अनभिज्ञता हुनसक्ने उपसमितिको ठम्याई रहेको छ । यस सन्दर्भमा यो ऐनको प्रचार प्रसार गरी स्थानीय तहसम्म समेत सुसूचित गर्ने कार्यका लागि सरकारी तथा निजी संचार माध्यमको प्रयोग गर्ने र यसप्रति अनविज्ञता प्रकट गर्ने सरकारी निकायका जिम्मेवार पदाधिकारीहरूलाई कारवाही गर्ने तथा सचेत गराउने व्यवस्था हुनु जरूरी छ ।

गरिबी, अशिक्षा, आर्थिक तथा सामाजिक पछौटेपनका कारण सिर्जित समस्या भएका कारण जातीय विभेद तथा छुवाछुत निराकरणका लागि दलित समुदायको शसक्तीकरण र सवलीकरणमा जोड दिई उनीहरुलाई सामाजिक विकासको मूलप्रवाहमा एकाकार गर्नुपर्ने देखिन्छ । सरकारले दलित समुदायलाई लक्षित गरी हाल सञ्चारलनमा रहेका कार्यक्रमहरु छरपस्ट र अव्यवस्थित देखिएकाले एकीकृत र र योजनावद्ध तवरबाट अडाडि बढाउनु पर्ने आवश्यकता रहेको छ ।

परम्परागत रूपमा लामो समयदेखि समाजमा कायम रहेको जातीय भेदभाव र छुवाछुतको समस्या तत्कालै समाधान हुन गाह्रो छ । जनचेतनामूलक अभियानका साथ यसको निराकरणका लागि सरकारले राजनैतिक दलहरू, विभिन्न गैरसरकारी संघ संस्थाहरू, मानवअधिकारकर्मीहरू, सञ्चार जगत, नागरिक समाज, समाजका अगुवा र प्रवुद्ध वर्गहरूसँग सहकार्य र समन्वय कायम गर्दै निर्धारित लक्ष्य प्राप्तिका लागि आफ्नो ध्येय त्यसतर्फ केन्दित गर्नु जरुरी छ ।